# परिच्छेदः एक

## १. परिचय (Introduction)

विश्वको मानचित्रमा नेपाल एक सानो राष्ट्र मानिने भए तापनि यसको आफ्नै पहिचान र विशेषता छ भौगोलिक रुपले नेपाललाई हिमाल पहाड, तराई गरी ३ वटा प्राकृतिक प्रदेशमा विभाजन गरिए तापनि राजनीतिक दृष्टिकोणले पाँच विकास, क्षेत्र, चौध अञ्चल र पचहत्तर जिल्लामा विभाजित गरिएको छ । यी मध्ये हाल पश्चिमाञ्चल विकाश क्षेत्र अन्तर्गत गण्डकी अञ्चलको केन्द्रविन्दुको रुपमा रहेको कास्की जिल्ला अलौकिक प्राकृतिक सौन्दर्य तथा पवित्र संगमस्थलको रुपमा परिचित छ ।[1]

विश्व मानव समुदायले मान्दै आएका धर्मका विभिन्न पाटाहरू मध्येहिन्दु धर्म निकै प्राचीन र महत्वपूर्ण धर्म हो । हाम्रा पूर्खाहरू तथा ज्ञानका युगदाता ऋषिमहर्षिहरूले धर्मको अनुकरण गरेर यस भू-खण्डमा सामाजिक विधि, संरचना र स्वावलम्वनका सैद्धान्तिक आदर्श देखाएर गएका छन् । तिनै आदर्शशील मार्गहरूमा आधुनिक सभ्यसमाजको माध्यमद्धारा भौतिकस्तरमा वैज्ञानिक युगको विकास भइरहेको छ । विद्यमान जति पनि भौतिक, वौद्धिक र नैतिक विकास भएका छन् ती सवै धर्मकै माध्यमवाट भएका हुन् । भौतिक उन्नति मानवबाट मात्र सम्भव हुने हुँदा मानवीय शक्तिमा इश्वरीय शक्ति वढेको छ । त्यसैले धर्मलाई संरक्षण गरी जीवन्त राख्नु समस्त मानव समुदाय मात्रको कर्तव्य पनि हो । धर्मका विभिन्न भंगालाहरू भएपनि सबै धर्मको लक्ष्य र उद्देश्य मानवीय सेवा गर्नु हो । तसर्थ ऋषिमुनिहरूको जन्मभूमि र तपोभूमि नेपालमा असंख्य धार्मिक पीठ र मन्दिरहरू रहेका छन् । शक्तिपीठ र ज्ञानपीठको साझा फूलवारीका रुपमा परिचित नेपाललाई मन्दिरै मन्दिरहरूको पावनभूमि पनि भनिन्छ । यो हिन्दूत्वको गौरव र सम्पत्ति पनि हो ।[2] यस्तै धार्मिक मन्दिरहरू मध्ये वर्तमान नेपाल राज्यको गण्डकी अञ्चलको कास्की जिल्लाको इतिहास बोकेको धार्मिक पर्यटकीय क्षेत्रको रमणीय माछापुच्छ्रे र अन्नपूर्ण हिमालको काखमा अवस्थित साततालको बगैंचा शहरको रुपमा सुपरिचित लेखनाथ १३, लामेआहाल (श्यामघाट) स्थित “श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रम” एक महत्वपूर्ण विशुद्ध धार्मिक र सामाजिक संस्था हो ।

---

१. मेचीदेखि महाकाली भाग ३, काठमाण्डौः श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालय । पृ.२७२

२. राजाराम सेवदी, ***कास्की राज्यको इतिहास,*** (काठमाण्डौः रत्नपुस्तक भण्डार, २०६०) पृ. ८१

ऐतिहासिक दृष्टिले मानव जातिको परमकल्याण, शान्ति, सहअस्तित्व, विश्ववन्धुत्व, अहिंसा र मानवतावाद जस्ता मानवीय चेतना अभिवृद्धि गर्न गराउनका लागि यस संस्थाले महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

नेपालमा पवित्र धार्मिक स्थलहरूमा पर्ने यस श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको स्थापना स्थानीय हिन्दु धर्मावलम्वी समाजसेवी, बुद्धिजीवीहरूको अथक प्रयास भावनात्मक प्रेमकासाथै तनहुँ जिल्ला थप्रेक १, सेरावेशी निवासी भक्तिमती हरिप्रिया दासी (अधिकारी साहिली) को अथक प्रयासबाट अनन्त श्री विभूषित भगवत्शरण देवाचार्यले वि.सं. २०२२ सालमा गर्नु भएको हो ।[घ] यो शोधपत्रमा श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको ऐतिहासिक अवस्थाको वारेमा संक्षिप्त रुपमा विश्लेषण तथा तथ्यपरक अध्ययन गरिनेछ ।

## २. समस्याको कथन **(Statement of the Problems)**

साततालको बगैंचा शहरका रुपमा परिचित लेखनाथ १३, लामेआहाल (श्यामघाट) कास्कीमा रहेका “श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रम” धार्मिक स्थलको लागि प्रसिद्ध छ । यस मन्दिरको आफ्नै ऐतिहासिक, धार्मिक, सामाजिक र साँस्कृतिक महत्व रहेको छ । विगत समयमा नै चर्चित रहदै आएको पवित्र तीर्थस्थलहरू मध्ये “श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रम” पनि एक विशुद्ध धार्मिक संस्था हो । यो मन्दिरको गहन अध्ययन गरी स्पष्ट ऐतिहासिक अस्तित्व नै प्रायः लोप हुने यथार्थलाई आत्मसात गरेर विभिन्न अन्तर्वाता तथा अन्य प्रमाणित श्रोतहरूको आधारमा सत्यतथ्य पहिचान गरी जनसमक्ष प्रस्तुत गर्नु नै यस शोधपत्रको समस्याको मूल कथन रहेको छ ।

## ३. अध्ययनको उद्देश्य **(Objective of the Study)**

यो शोधकार्यको निम्न लिखित उद्देश्यहरू छन् ।

क) “श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रम” क्षेत्रको भौगोलिक परिचय दिन ।

ख) “श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रम” सँग सम्वन्धित विविध ऐतिहासिक धार्मिक तथा साँस्कृतिक पक्षको वास्तविक अध्ययन अनुसन्धान गरी प्रकाशमा ल्याउन ।

ग) श्री कृष्ण मन्दिर, शान्ति आश्रम र त्यसको गुठी व्यवस्थाको वर्णन गर्नु ।

---

३. रामचन्द्र सिग्देल, राधाकृष्ण मन्दिर शान्ति आश्रमको सचिवसँगको अन्तर्वार्ता।

घ) श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमबाट परेको वातवारणीय प्रभावका वारेमा अध्ययन गर्नु ।

## ४. पूर्वकार्यको समीक्षा **(Review of Literature)**

क) श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको बारेमा वर्तमान अवस्थासम्म कुनै विद्वान तथा लेखकहरूले कलम चलाएको पाइदैन । तर सिद्ध शक्तिपीठ, श्री विन्ध्वासिनी तथा पोखरा केही मठमन्दिरको परिचयबाट उदाहरण लिइएको हो ।

## ५. शोधविधि **(Research Methodology)**

यो शोध कार्य मूलतः मौलिक श्रोतहरू जस्तो मन्दिर सम्वन्धी अभिलेखका साथै गुठी व्यवस्था सम्वन्धी कागजहरूः-

१. **क)** **प्रथमिक श्रोत** : मौलिक श्रोतहरू जस्तो मन्दिर सम्वन्धी अभिलेखका साथै गुठी व्यवस्था सम्वन्धी कागजहरू

**ख)** **स्थलगत भ्रमणः** स्थलगत भ्रमण गरेर वस्तुस्थिति पत्ता लगाउनुको साथै श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको वारेमा जानकारी राख्ने व्यक्ति सँग अन्तर्वार्ता लिने ।

२. **साहयक श्रोतहरू** : पुस्तक, पत्रपत्रिका, संस्थाको वार्षिक प्रगति प्रतिवेदन र विधान आदि ।

## ६. अध्ययनको महत्व **(Significance of the Study)**

श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको ऐतिहासिक तथा साँस्कृतिक पक्षलाई भरपर्दो समाग्रीको ऐतिहासिक तथा साँस्कृतिक आधारमा ऐतिहासिक प्रमाणहरू संकलन गर्नु तथा यस वारेमा जानकारी लिन खोज्ने जिज्ञासुलाई थप सहयोग पुऱ्याउनुका साथै लोप हुन लागेका हाम्रा साँस्कृतिक महत्वका वस्तुहरूको जगेर्ना गर्ने क्रममा हिन्दु धर्मको बनावटका लागि समेत टेवा पुऱ्याउनु नै यस अध्ययनको विशेष महत्व रहेको छ ।

## ७. अध्ययनको सीमा **(Limitation of the Study)**

यस शोधपत्रमा श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको ऐतिहासिक, धार्मिक तथा वातावरणीय प्रभावको अध्ययनलाई शोधपत्रको सीमा भित्र राखिएको छ ।

## ८. अध्ययनको संगठन **(Organization of the Study)**

यो शोधकार्य चार परिच्छेदको छ ।

प्रथम परिच्छेद

शोध प्रस्ताव खण्ड

८.१ द्वितीय परिच्छेद

कास्की जिल्लाको भौगोलिक तथा ऐतिहासिक परिचय

श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको सामाजिक, ऐतिहासिक, सांस्कृतिक, धार्मिक पृष्ठभूमि

श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रममाको संक्षिप्त परिचय

श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको नामाकरण

श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको उत्पत्ति

श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको पूजा विधि

श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको सञ्चालन विधि प्रक्रिया धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक महत्व

श्री राधाकृष्ण मन्दिर शान्ति, आश्रमप्रतिको जनविश्वास

८.२ तृतीय परिच्छेद

श्री राधाकृष्ण मन्दिर शान्ति, आश्रमको गुठी व्यावस्था

श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रम परिसरको संरक्षणका लागि चलिआएका कदमहरू

८.३ चतुर्थ परिच्छेद

श्री राधाकृष्ण मन्दिर शान्ति, आश्रमको वातावरणीय प्रभाव

श्री राधाकृष्ण मन्दिर शान्ति, आश्रमको धार्मिक प्रभाव

निष्कर्ष र सुझावहरू

सन्दर्भ सामग्रीहरू

# परिच्छेद- दुई

## २. कास्की जिल्लाको भौगोलिक तथा ऐतिहासिक परिचय

नेपालको पाँच विकास क्षेत्रहरू मध्य पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम समेत रहेको कास्की जिल्ला भौगोलिक, साँस्कृतिक, राजनैतिक तथा सामाजिक दृष्टिले समेत विशेष महत्व राख्ने जिल्ला हो ।[ढ] तत्कालीन चौबीसे राज्यहरू मध्ये कास्कीको एक महत्वपूर्ण स्थान रहेको छ । अलौकिक प्राकृतिक सौन्दर्य तथा पवित्र संगमस्थलको रुपमा पनि कास्कीको विशेष महत्व रहेको छ। ज्यादै मनमोहक तथा आर्कषक माछापुच्छ्रे तथा अन्नपूर्ण हिमश्रृङ्खलाहरूको वक्षस्थलमा अवस्थित कास्की जिल्लाको सदरमुकाम पोखरा उपत्यका आफैमा एक मनोरम छ भने फेवा, वेगनास, विन्ध्यवासिनी, भद्रकाली, तालवराही, जस्ता मठमन्दिरका साथै विश्वशान्ति वौद्धस्तूप लगायतका कैयौं गुम्वा विहारहरूले भरिएको यो उपत्यका धार्मिक तथा साँस्कृतिक तथा महत्वपूर्ण नभई पर्यटकीय दृष्टिले पनि त्यत्तिकै महत्वपूर्ण छ ।[छ] पोखरा उपत्यका ऐतिहासिक दृष्टिले पनि महत्वपूर्ण छ। किनकि तत्कालीन चौविसे राज्य मध्येको एक महत्वपूर्ण राज्य कास्की राज्यको गृष्मकालीन राजदरवार कास्कीकोटमा र शीतकालीन राजदरवार यसै उपत्यकाको बाटुलेचौरमा रहनु नै यसको ज्वलन्त प्रमाण हो । समग्रमा कास्की जिल्लाको विगत तथा वर्तमान पनि धार्मिक , सामाजिक, आर्थिक, राजनैतिक तथा ऐतिहासिक दृष्टिले विशेष महत्व राख्ने जिल्लाका रुपमा लिन सकिन्छ ।[ट] सीमानाको हिसावले कास्की जिल्लाको पूर्वमा लमजुङ्ग र दक्षिणमा तनहुँ र पश्चिममा स्याङ्गजा पर्वत जिल्ला पर्दछन् ।[ठ] यो जिल्ला २८$^{o}$ उत्तर अक्षांशदेखि २८$^{o}$३६' उत्तर अक्षंश र ८३$^{o}$४६' पूर्व देशान्तर देखि ८४$^{o}$१२' पूर्वदेशान्तर अन्तर्गत पर्दछ ।[ड]

यस जिल्लाको कुल क्षेत्रफल २०१७ वर्ग कि.मी छ ।[ढ]। अर्थात अधिकतम तापक्रम ३३.०$^{o}$ सेन्टिग्रेड र न्यूनतम तापक्रम ५.६० डिग्री सेन्टिग्रेड वीचमा रहेको छ । यो जिल्ला समुद्र सतहवाट ४५० देखि ७९६९ मीटर उचाइमा अवस्थित छ । यस जिल्ला अर्न्तगत एक

---

४.क्षेत्री, डा.दिलबहादुर सिद्ध शक्ति पीठ श्री विन्ध्यवासिनी तथा पोखराका केही मठमन्दिरहरूको परिचय, २०५० । (पृ. १)
५.ऐजन ।
६ ऐजन ।
७ मेची देखी महाकाली भाग ३, काठमाण्डौः श्री ५ को सरकार संचार मन्त्रालय, २०३१ । पृ..३००
८ दीपक अथार्त र अरु ***नेपाल डिष्ट्रिक प्रोफाइल,*** (काठमाण्डौ : आर.एन.ए ई) पृ.४५५
९ ऐजन ।

उपमहानगरपालिका एक नगरपालिका तथा ४३ गा.वि.स. रहेका छन् ।[ञण] उत्तरमा हिमाली क्षेत्र देखि दक्षिणमा बेसी प्रदेशसम्म फैलिएको कास्की जिल्लाको भू-बनोट मोटामोटी आधारमा निम्न चार प्रदेशमा विभाजन गरिएको छ ।

१ हिमाली प्रदेश

२ लेकाली प्रदेश

३ पहाडी प्रदेश

४ उपत्यका, बेसी र टर प्रदेश

## २.१ हिमाली प्रदेश

कास्की जिल्लाभित्र रहेको माछापुच्छ्रे हिमाल अत्यन्तै मनमोहक छ । पोखराको महेन्द्रपुलबाट हेर्दा माछापुच्छ्रेले पोखरालाई काखमा लिएको देखिन्छ ।[ञञ] बाह्रै महिना हिउँयुक्त पर्वतमालाको उत्तरी भागमा अवस्थित मनाङ जिल्लासँग सीमानाको काम गरेको छ । विश्वप्रसिद्ध अन्नपूर्ण हिमालयकै श्रेणीको एक भागको रुपमा रहेको यस हिमालय पर्वतमाला पूर्वपश्चिम लम्बिएर रहेको छ ।[ञद] यस क्षेत्रमा अन्नपूर्ण दोस्रो, अन्नपूर्ण तेस्रो र अन्नपूर्ण चौथोको साथै माछापुच्छ्रे जस्ता प्रख्यात चुचुराहरूको अवस्थिति रहेको छ ।[ञघ] १६००० फिटभन्दा माथि उचाइमा अवस्थित यी प्रदेशहरू सधैं हिउँले ढाकिएका हुन्छन् । हिउँले ढाकिएको प्रदेश भएकोले यो अनुत्पादक चिसो मरुभुमिको रुपमा चिनिन्छ ।

यो संस्था हिमाली दृष्यावलोकनको लागि उपयुक्त छ । जहाँबाट माछापुच्छ्रे अन्नपूर्ण तथा अन्य हिमश्रृङखलालाई प्रत्यक्ष रुपमा देख्न सकिन्छ । तर हिमाली क्षेत्र भित्र भने यो संस्था पर्दैन ।

---

१०. कास्की जिल्लाको वस्तुगत विवरण, वि.सं. २०५२। पृ.९ ।

११. पूर्ववत् टिप्पणी ७, पृष्ट ३०० ।

१२. सुवेदी, राजाराम, ***कास्की राज्यको इतिहास,*** (काठमाण्डौः रत्नपुस्तक भण्डार, २०६०) पृ.१०

१३. ऐजन ।

## २.२ लेकाली प्रदेश

हिमाली प्रदेशको दक्षिणतर्फ अवस्थित सातहजार फिटदेखि अग्ला १६००० फिट भन्दा होचा भूभागलाई लेकाली प्रदेश भनिन्छ । यहाँ हिउँदभरी हिँउले पुरिने र गर्मीमा हिउँ पग्लन थालेपछि मसिना घाँस तथा रङ्गीविरङ्गी फूलहरू फुल्न थाल्दछन् । स्थायी बस्तीको लागि उपयुक्त नभएता पनि गर्मीयामभरी यस क्षेत्रमा भेडा, भैसी, गाई-गोरुहरू लैजाने गरिन्छ । अर्थात् वर्षायाममा यो भू-भाग गाई, भैसीं, भेडा, बाखा आदिको लागि खर्कको रुपमा प्रयोग गरिन्छ । यो प्रदेशको केही तल्लो भागमा गुराँस, भोजपत्र आदिका लेकाली वनहरू रहेका छन् । हिमालय पर्वत श्रेणी कै शाखाको रुपमा फैलिएको यस प्रदेशको दक्षिणतिर ज्यादै भिरालो परी प्रत्येक एक कोसमा ६७२ मिटर (२२०० फिट) होचिदै गएको छ ।[ज्ञद्ध] यो प्रदेश पशुपालन तथा चरणको निम्ति महत्वपूर्ण हुनुको साथै जडिवुटीका लागि पनि त्यत्तिकै महत्वपूर्ण मानिन्छ ।

नेपालमा भौगोलिक विविधतायुक्त मुलुक हो । यो संस्थाको आफ्नै भौगोलिक विविधता रहेको चारैतिर पहाडै पहाड र बीचमा उपत्यका जस्तो लाग्ने शुक्लागण्डकीले छाडेको तहरैतहरा युक्त जमिनमा यो संस्था अवस्थित छ । पूर्वमा खुदीखोला, दक्षिणमा कोत्रेखोला र पश्चिममा शुक्लागण्डकी, उत्तरमा लेखनाथ नगरपालिकाका विविध क्षेत्रहरू रहेका छन् ।

## २.३ पहाडी प्रदेश

सातहजार फिटभन्दा तल र वेशी तथा उपत्यका भन्दा माथिको भूभागलाई पहाडी प्रदेश भनिन्छ । कास्की जिल्लामा अवस्थित अधिकांश गाउँवस्तीहरू यसै प्रदेशभित्र पर्दछन् । यस प्रदेशमा न ज्यादै जाडो न ज्यादै गर्मी छ । यो भूभागमा समशीतोष्ण मौसमी हावापानी पाइन्छ ।[ज्ञछ] त्यसैले यो प्रदेश मानव वसोवासका लागि उपयुक्त मानिन्छ । जसले गर्दा यो प्रदेशमा जनआवादी बाक्लो पाइन्छ । पहाडी प्रदेश भएकै कारण एक डाँडालाई अर्को डाँडाबाट छुट्याउने काम दुवै पहाडका फेदीमा बग्ने खोलाले गरेका छन् । वर्षायाममा वर्षाको भेल तथा मूलहरू फुट्ने भएकोले खहरे तथा अन्य खोलानाला बढ्ने तथा बाढीको कारण एक डाँडावाट अर्को डाँडामा आवातजावत गर्न समेत कठिन हुन्छ ।

---

१४. ऐजन ।
१५. ऐजन ।

श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रम," पहाडै-पहाडले घेरिएको उपत्यकाको समथर भूमिका अवस्थित छ । पहाडी प्रदेश नै यो संस्थाको प्रमुख भौगोलिक विशेषता हो । उत्तर तिरवाट दक्षिणतिर प्रवाहित सेतीनदीले यो संस्थालाई मायाप्रेमको भाव राखेको अनुभूति हुन्छ । यस संस्था अवस्थित क्षेत्र वरिपरि लामेआहाल, छुची, मजुवा, तल्लो र माथिल्लो गगनगौडा मालमुल, सेरावेशी गगनगौडा, खुदी,कोत्रे, आदि जस्ता गाउँहरू रहेका छन् । जसले गर्दा यो संस्था निकै उज्ज्वल र रमणीय देखिएको पाइन्छ । यो संख्या वरिपरिको क्षेत्र भौगोलिक विविधता मय छ । पूर्वकालमा सेतीको ग्रेग्ग्रानले र तहरैतहरा भएको क्षेत्र रहेको छ । काठमाण्डौ पोखराको पृथ्वीराजमार्ग अन्तर्गत पोखरादेखि १६ कि.मी. पूर्वमा यो संस्था पर्दछ ।

## २.४ उपत्यका, बेसीटार प्रदेश

कास्की जिल्ला वेसी तथा टारयुक्त जिल्ला पनि हो । यस जिल्लाको उपत्यकाहरू मध्ये रमणीय पोखरा उपत्यका छ ।[ज्ञट] यो उपत्यका ६२५ वर्ग किलोमिट भूभागमा फैलिएको छ । मध्यभाग लम्वाइ, पश्चिम भागमा ८ किलोमिटर छ भने पूर्वी भागमा १० किलोमिटर छ ।[ज्ञठ] भौगर्भिक कालक्रमको क्याटरी अवधिको उत्तरतिर सेतीका सहायक नदीहरू पुरिन गई बनेको जीवित तथा मृत तालहरूले यस उपत्यका तालतलैया उपत्यकाको रुपमा स्थापित छ ।[ज्ञड] यो उपत्यका पश्चिममा छोरेपाटन, फेवाफाँट, ह्याङ्जा, पूर्व कोत्रे , उत्तरमा भुर्जुङखोला, लाहाचोक, घाचोक, जोगीमारा, विजयपुर, दक्षिणमा दोपहरे, साम्मी र बाघमारासम्म फैलिएको छ । यो उपत्यका २८°०६' देखि पूर्वमा २८°०६ देखि २८°२०' उत्तर अक्षांश र ८३°५०' पूर्व देखि ८४°१२' पूर्वसम्म फैलिएको एक विर्वतनिक उपत्यका ९त्भअतयलष्अ ख्बििभथ० हो । यसको कुल क्षेत्रफाल १२४ वर्ग किलोमिटर रहेको छ ।[ज्ञढ] पर्यटकीय तथा साँस्कृतिक दृष्टिले पनि विशेष पहिचान र विविधतायुक्त यो उपत्यका साँस्कृतिक दृष्टिले पनि उर्वरा भूमि भएकाले त्यत्ति नै महत्वपूर्ण छ । पोखरा उपत्यका कुनै उद्योगशील क्षेत्र नभई गाउँगाउँको वजारमात्र भनी प्रचार गरेको पाइन्छ ।[द्दण] कास्की जिल्लाको लुम्ले

---

१६. सुवेदी, पूर्ववत् टिप्पणी नं. १२

१७. सुवेदी, पूर्ववत् टिप्पणी नं. १६

१८. कृष्ण के.सी तथा अव पोखरा उपत्यकामा विद्यमान श्रोत तथा साधनहरूको परिचालनमा देखा परेका समस्याहरू तिनको प्रभाव कार्य समस्याहरू र तिनको प्रभाव कार्यपत्र (मिति नखुलेको) ।

१९. क्षेत्री, दिलवहादुर पूर्ववत् टिप्पणी ४, पृ.३ ।

२०. पूर्वतत टिप्पणी नं. १८ पृ.३ ।

काँडे भन्ने ठाँउमा नेपालको सवैभन्दा बढी वर्षा हुन्छ । त्यसैले पोखरालाई नेपालको चेरापुञ्जी भनिन्छ । [द्ज्ञ]

## २.५ नदीनाला, ताल, झरना

कास्की जिल्लाको मुख्य नदी सेतीनदी हो । मादी,मोदी त्यस पछिको साना नदी हुन् । फेवा, रुपा, वेगनास, खास्टे, दिपाङ न्यूरिनी, मैदी आदि तालहरू र डेविज फल ( पाताले छाँगो) सेतीगर्ज, महेन्द्रगुफा, चमेलीगुफा, गुप्तेश्वरगुफाको साथै विश्व शान्तिस्तूप तथा अन्य मठमन्दिरहरू यस जिल्लाका निधि हुन् । [द्द]

श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रम निकटवर्तीमा सेति नदी, खुदीखोला, कोत्रेखोला, र रुपाताल, वेगनास ताल, न्यूरिनी, दिपाङ्ग आदि जस्ता ७ वटा ताल रहेको छन् । यी सवै नदी र तालहरू लेखनाथ न.पा. भित्रै पर्दछन् ।

## २.६ हावापानी

"मनसुनको वर्षा र भनसुनको राजनीति" नेपालको उखान प्रचलित भएझैं कास्कीमा वर्षा गराउने हिन्दमहासागरबाट आउने मनसुन नै हो ।[द्घ] अन्नपूर्ण हिमालको दक्षिणी काखमा अवस्थित कास्की जिल्लाको हावापनी नेपालको पहाडी जिल्ला सरह नै दक्षिणी पश्चिम मनसुनी जलवायुको प्रभाव क्षेत्र पर्दछ । हावापानीको दृष्टिकोणले यस जिल्लालाई मूलतः निम्न चार भागमा बाँडन सकिन्छ । (क) हिमाली (ख) लेकाली (ग) ठण्डा शितोष्ण (घ) अर्धउष्ण हावापानी ।[द्ढ]

यस जिल्लाको अधिकतम तापक्रम अप्रिल महिनामा ३३$^{o}$ सेन्टिग्रेड सम्म र न्यूनतम तापक्रम जनवरीमा ५.६$^{o}$ सेन्टिग्रेड सम्म पाइन्छ । हिमश्रृङ्खलाका नजिक र हिउँले ढाकेको क्षेत्र तथा वस्तीहरूमा यो भन्दा धेरै काम तापक्रम रहेको छ ।[द्छ]

## २.७ कास्की जिल्लाको ऐतिहासिक पृष्ठभूमि

---

२१. वशिल सी, हार्डरिक एन कल्चरल डिस्नेरी अफ नेपाल । मेटुचेन द स्काइको प्रेस । आई. एन. सी १९७२ ई) पृ.७८ र १३०

२२. सुवेदी, राजाराम, ***कास्की राज्यको इतिहास,*** (काठमाण्डौः रत्नपुस्तक भण्डार,२०६०) पृ. ११

२३. ऐजन ।

२४. सुवेदी, पूर्ववत् टिप्पणी २२ ।

२५. मेची महाकाली भाग-३, काठमाण्डौ, श्री ५ को सरकार सुचना तथा संचार मन्त्रालय २०३१, पृ. ३०६

विद्धानहरूले इतिहासलाई मानव उपलव्धीको रेकर्ड मान्दछन् ।[26] यही मानव उपलव्धीको आँकडालाई इतिहास मान्ने हो भने नेपालको इतिहास रामपिथेकसको क्रियाकलापबाट सुरु हुन्छ जसलाई मानव कै निकट मानिन्छ ।[27] नेपालमा सन् १९८१ मा बुटवलको तिनाउ खोलाको किनारमा रामापिथेकसको अवशेष प्राप्त भएको छ । अमेरिकी र वेलायती पुरातत्वविदहरूको संयुक्त टोलीले डा. जे एच हतचिसनको नेतृत्वमा गरिएको अन्वेषणको फलस्वरुप प्राप्त उक्त अवशेष १.१ करोड वर्ष पुरानो ठहऱ्याइएको छ ।[28] यसले नेपाललाई पनि विश्व मानचित्रमा प्रागैतिहासिक मानवस्थलको रुपमा स्थापित गराइएको छ । प्रागैतिहासिक कालदेखि नै नेपाल तीर्थस्थल, पुण्यक्षेत्र, मुक्तिदाता, स्वास्थ्य स्निग्ध राखने तपोभूमिको रुपमा मान्यता हुँदै आएको छ । नेपाललाई हिमवत् क्षेत्र मानिने हुँदा हिन्दु पुराणमा यो क्षेत्रको गरिमामय वर्णन गरिएको छ ।[29] त्यसो त यस देशको उल्लेख श्रुति, स्मृति, पुराण, धर्मशास्त्र, आयुर्वेद, अभिलेख, पाण्डुलिपि, कनकपत्र जस्ता श्रोतहरूमा पाइन्छ । नेपालको वर्णन मानसखण्ड तथा हिमवत खण्डमा गरिएको छ । महाभारतमा गण्डकी कोशी, कर्णाली, बाग्मती आदि प्रदेशको छुट्टाछुट्टै अध्यायमा वर्णन गरिएको छ ।[30]

महाभारतमा उल्लेख भएको गण्डकी प्रदेशमा पर्ने एक महत्वपूर्ण जिल्ला (हाल कास्कीको आफ्नै किसिमको ऐतिहासिक महत्व छ । ज्ञान र विद्याको समेत महत्व राख्ने यस जिल्लालाई "विद्या हराए कास्की जानु" भन्ने उखान यदाकदा सुनिन्छ तर हाल "विद्या हराए कासी जानु" भन्ने उखान प्रचलित भएको समयदेखी कास्की पिछडिएको छ ।[31]

कास्कीकै वक्षस्थलमा सिद्धाश्रम, शिवगोरक्ष मन्दिर वैशम्पायन आश्रम, विन्ध्यवासिनी, भद्रकाली, फेवाताल सिद्धबराह, पुष्करावती, पोखरा, रामघाट, रामकोट शिवालय, सर्वणाश्रम, पञ्चकोशी सिद्ध हरपनसिद्ध गंगाश्रम, काँडेबराह जस्ता पवित्र तीर्थस्थल पर्दछन । त्यसै गरी नारायण मन्दिर गणेश स्थान, कास्कीकोटकी कालिका, लाहाचोकका भूमे, श्री शीतला वायुदेवता, विश्वेश्वर महादेव स्थान, बराहस्थान, ओँकारेश्वर शिवमन्दिर, ढिकुरपोखरीको मूमिस्थान, ठूलाकोटकी कालिका मन्दिर, अमरेश्वर महादेव, बाटुलेचौरकी कालिका मन्दिर, लुम्ले कान्छीबराह लामेआहालको फालिको मन्दिर, पचभैयाको गोरखनाथ मन्दिर, पचभैयाको

---

२६. कास्की जिल्लाको वस्तुगत विवरण पृ.९ ।

२७. दिलवहादुर, क्षेत्री, ***सिद्ध शक्तिपीठ विन्धवासिनी तथा पोखरा केही मठमन्दिरको संक्षिप्त परिचय*** (पोखराः विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समिति २०५७) पृ.४ ।

२८. ऐजन

२९. ऐजन

३०. मार्कण्य पुराण, नेपाल महात्म्य श्रृणुसावा हितोमुद्रा पिठानामा परम क्षेत्राण क्षेत्रपुतमम ॥६॥

३१. मुक्तिराम खनाल, ***नेपाल महात्म्य*** (काठमाण्डौ : ने.रा.पै पं. २०२८) पृ.२० ।

कोठदेउराली तथा लेखनाथ नगरपालिकाभित्रका अन्य शिव, राधाकृष्ण, देवी-देवताको जस्ता प्रशस्त मठमन्दिर कास्कीको विगत इतिहारलाई जीवन्त पारेका छन् । उपर्युक्त दवल स्थानहरूमा कास्कीकोट गुप्तकालिका देवीको महिमा महान छ ।

## २.८ राधाकृष्ण मन्दिर शान्ति आश्रमको सामाजिक सांस्कृतिक, धार्मिक र ऐतिहासिक पृष्ठभूमि

### क) सामाजिक पक्ष

"श्री राधाकृष्ण मन्दिर शान्ति आश्राम" धार्मिक संस्था मात्र नभएर एक सामाजिक संस्था पनि हो । यो संस्थाले स्थापना कालदेखि नै सामाज सापेक्षमूलक कार्य गर्दै आएको पाइन्छ । विभिन्न क्षेत्रबाट विभिन्न कार्य सम्पादनको लागि आउने व्यक्तिदेखि सन्त, महन्त, तीर्थालु, भक्तजन, गरीव, असहाय वृद्धवृद्धाहरू लाई केही समयका लागि निशुल्क गास, वास र कपासको, व्यावस्था गदै आएको छ । विभिन्न पर्व र उत्सवमा आउने भक्तजनहरूलाई पनि यथोचित व्यावस्था गरेको देखिन्छ । जो सँग आर्थिक अवस्था कमजोर छ । त्यस्ता वृद्धबृद्धाहरूलाई संस्थाको नीति नियम, आचार र विचारमा रहने गरी अतिथि निवासको निमार्ण गरेर निःशुल्क बसोवासको व्यावस्था गरिदिएको छ । मानव सेवा, गौसेवा , अतिथि सेवा, बृद्धवृद्धाहरूको आश्रय, अदि नै यस संस्थाका विशिष्ट पक्ष हुन् । यस क्षेत्रको सामाजिक वातावरण पनि उस्तै छ । प्रारम्भमा जङगलको घनत्व भएपनि बसाइसराइको कारणले गर्दा हाल आएर जनघनत्व निकै वढ्दै गएको छ । यहाँ विशेषतः बागलुङ्ग, वेनी, तनहूँको थर्प्रेक, सेरावेशी, स्याङ्गजाको बाढीपिडितबाट आएका व्यक्तिहरूको जनसंख्या पनि कम छैन । यहाँ ब्राह्मणहरूको संख्या कम र क्षेत्री, पुन मगर, गुरुङ्ग आदिको संख्या बढी रहेको छ । यस क्षेत्रमा समाजमूलक कार्य गर्नको लागी विभिन्न क्लव र उज्वल, परोपकार, कालिका, मिलन, लामेआहाल, गायत्री आदि जस्ता आमा समूहहरू सक्रिय रहेका छन् । समाजसेवालाई नै संस्था लगायत यस क्षेत्रका मानिसहरूले अभिन्न अङ्गको रुपमा मानेका छन् । [घ६]

---

३२. संस्थाका सचिव रामचन्द्र सिग्देलसँग मिति २०६६।५।१० गतेको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

ख)　　सांस्कृतिक पक्ष

"श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रम"वैदिक हिन्दु सानातन धर्म कै एउटा अङ्ग निम्वार्क वैर्ष्णव सम्प्रदायमा आधारित संस्था भएको हुँदा सो सम्प्रदाय अनुसार कै संस्कार, संस्कृति, रीतिरिवाज, चालचलन धर्म परम्परा मान्ने अवधारणा रहेको छ । जनैपूर्णिमा, हरितालिका (तिज) श्रीकृष्ण जन्माष्टमी, निम्वार्क सम्प्रदायका आर्चायहरूको प्राकट्योत्सव( जन्मोत्सव) गालोकोत्सव (मृत्युमा गरिने कार्य) दशै, तिहार, (अन्नकुटमहोत्सव), सीताविवाह पञ्चमी, धान्यपूर्णिमा, माघेसंक्रान्ति, शिवरात्री, रामनवमी, फागुपूर्णिमा (होली) हुनुमानजयन्ती, आदिको विशेष शुभअवसरमा भगवानको विशेष पूजा र कथा प्रवचन गरिन्छ । यस संस्थामा यज्ञानुष्ठान, विवाह, व्रतवन्ध तथा अन्य विविध धार्मिक संस्कृतिको कार्यक्रम पनि गरिन्छ । हिन्दूधर्म संस्कृति अनुसारका विविध उत्सव पर्वहरू मनाउनु यस संस्थाको विशेषता हो । हिन्दुसँस्कृतिका साथै अन्य जनजातिहरूको पनि बसोवास छ । विभिन्न जातजाति आ-आफ्नो धर्म अनुसार संस्कृति मान्ने परम्परा छ । तर पनि एक अर्काप्रतिको सदभाव, एकता भने नरहेको पाइदैन । कुनै धर्म र जाति विशेषको संस्कृतिले कुनै धर्म र जातजातिको संस्कृतिप्रति हस्तक्षेप वा विरोध गरेको पाइदैन । संस्कृति नै धार्मिक समाजको अभिन्न अङ्ग बनेको छ ।[घघ]

ग)　　ऐतिहासिकता

"श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको ऐतिहासिक पक्ष त्यति पुरानो छैन । २०२२ सालमा यो संस्थाको स्थापना भएको हो । यस भन्दापूर्व, यो क्षेत्र गौचरन र जङ्गल नै थियो । स्याङ्गजा जिल्ला साँखर केलादीघाँटका संस्थाका संस्थापक आचार्य श्री अन्नत विभूषित श्री भगवत शरणदेवाचार्यजीले तनहुँ, थप्रेक-१ सेरावेसी निवासी श्रीमती हरिप्रिया दासी अधिकारी (अधिकार्नी साहिली) को सक्रिय सहयोगमा यस संस्थाको स्थापना गर्नु भएको हो । यो क्षेत्र शुक्ला गण्डकीको प्रवाहित क्षेत्र रहेको अनुमान गरिएको छ । यहाँको भूमि गेग्रयान भएको हुँदा पछि आएर शुक्ला गण्डकी धस्सिदै गएर तहरै तहराको भुबनोटको स्वरुप भएको अनुमान गर्न सकिन्छ । कास्की जिल्ला कश्यप ऋषिको तपस्थली भएको र उक्त ऋषिको नामबाट अपभ्रंश भई कास्की वनेको तथ्यका साथै यस संस्थाकै नजिकको गाऊँ गगनगौंडा रहेको र "गगन" नामका ऋषिले तपस्या गरेको ठाँउ भएको हुदा गगनगौडा भनिएको अनि

३३.　　संस्थाका संरक्षक श्री कुष्णप्रसाद अधिकारीसँग मिति २०६६।६।११ को अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

यसै क्षेत्रको केही टाढा सेती र मादीको सङ्गममा महर्षि वेदव्यासले तपस्या गरी सिद्धत्व प्राप्त गरेको पौराणिक एवं ऐतिहासिक अवधारणलाई विर्सन सकिदैन । यसै संस्थाको नजिकै “राजाको चौतारा” भन्ने गाँउ छ । वाइसी, चौविसी राजाका पालमा रुपाकोट कास्कीकोट आदि जस्ता कोट कोटमा किल्ला वनाएर बसेका र सरसल्लाह गर्नका लागि यहाँको ठूलो चौतारोमा बस्न आएको हुँदा राजाको  चौतारा तथा राजा महेन्द्र पैदलयात्रा गर्ने क्रममा यही हिड्ंदा विश्राम गरेकोले पनि “राजाको चौतारा” नामाकरण हुन गएको तथ्य फेला पर्दछ । यहाँ बजार ढाक्ने ठूलो शमीको चौतारा थियो र पछि घर निमार्ण गर्ने क्रममा चौतारोको विनास गरिएको हो र त्यसै ठाँउमा हाल शमी कै रुखको चौतारो रहेको छ । यतिमात्र होइन संस्था कै निकटमा सानो पहाडको चुचुरोमा पूर्वपट्टि एउटा कालिका देवी को मन्दिर पनि रहेको र सो मन्दिरमा विभिन्न दशैं आदिमा पञ्चवली दिने चलन छ । यस मन्दिरको स्थापना प्राचिनकालमा भएको हो । यो संस्था “लामेआहाल” भन्ने ठाँउमा अवस्थित छ । संस्था निमार्णको  तल्लो तहरामा एउटा लामो पानीको आहाल भएको र सोही आहालमा गाईभैसी पानी खाने गर्दथे । हाल त्यो आहाल नभएर सानो आकारमा नरहेको र अन्य आहालका क्षेत्र खेतीयोग्य जमिनमा परिणत भएको स्थानीय व्यक्तिहरूको भनाई रहेको पाइन्छ ।[घद्ध]

घ)  धार्मिकता

“श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रम” वैदिक हिन्दू सनातन धर्मको निर्म्वाक वैष्णव सम्प्रदायमा आधारित भए पनि यस क्षेत्रमा विभिन्न धर्म मान्ने व्यक्तिहरूको वसोवास रहेको छ । यहाँ बढी हिन्दू र त्यसपछि वौद्ध, क्रिश्चियन, मुस्लिम, धर्म मान्ने व्यक्तिहरू पनि रहेका छन् । हिन्दुधर्म भित्र पनि बह्मकुमारी, आत्मज्ञान प्रचार संघ, जैन, राधे राधे आदि जस्ता धर्मको प्रभावमा परेका व्यक्तिहरू पनि रहेका छन् । यस्ता विविध धर्मका अनुयायीहरूको बसोवास भए पनि यसबाट यस संस्थालाई कुनै बाधाव्यावधान  रहेको छैन् । भगवान “श्री राधाकृष्ण युगल मूर्तिको सेवा गर्ने गोपालाष्टादशाक्षर र गायत्री र शरणागति मन्त्रराजको जपभजन गर्ने, शङ्खचक्र, पाउछाँप, भगवत नामछाप, उर्ध्वपुण्ड, (तिलक) लगाउने कार्य गरिन्छ । तिलक र छापँको रुपमा गोपीचन्दनको प्रयोग गरिन्छ । जुन गोपीचन्दन भारतको गोपीतलाउवाट ल्याइन्छ । यो चन्दनको प्राप्ति क्षेत्र गोपीतलाउ मात्र हो, जुन दक्षिणी भारतमा पर्दछ । यस ठाँउमा गोपिनीहरूले भगवान श्रीकृष्णलाई चन्दन र पानीबाट स्नान गराउँदा त्यो गोपीतलाउ बन्न गएको धार्मिक र पौराणिक मान्यता रहेको छ । आजको

---

३४.  संस्थाका सदस्य श्री भक्तबहादुर बस्नेतसँग मिति २०६६।६।२० को अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

भौतिका उन्नतिको प्रभाववाट विस्थापित भएका व्यक्तिहरूका लागि यो संस्था, आस्था, विश्वाश र भरोसाको केन्द्रविन्दु रहेको छ । धार्मिकता जीवनको अभिन्न अङ्ग हो । जनमानसमा शान्ति, सहअस्तित्व, विश्वबन्धुत्व, मानवता, मानवअहिंसा, पवित्रता, सभ्य र सुसंस्कृत समाज, विश्वास, इमान्दारिता आदिको स्थापना गरी मानवीय मूल्य र मान्यताको विकास गर्न धर्मकै आश्रय लिनु पर्ने हुन्छ । मान्छेलाई मान्छे बनाउनुको आधार नै धर्म हो । कुनै पदमा रही कार्य गर्नका लागि सर्वप्रथम धर्म कै (ईश्वर) कै सपथ लिनु पर्ने हुन्छ । धर्म मानवीय मूल्य र मान्यतालाई शाश्वत र सुरक्षित रुपमा राख्ने महामन्त्र हो । धर्म कै आश्रयमा विश्व ब्रह्माण्ड सञ्चालित छ । ग्रह, प्रकृति (ईश्वर) तथा चराचर जगत सबै धर्मकै आश्रयमा बाचेका छन् । धर्मको रुप स्वभाव वा गुण हो । सबैले आ-आफ्नो गुण वा धर्मको त्याग गरिदिने हो भने विश्व ब्रह्माण्ड चल्दैन । तर्सथ यो संस्थाले पनि धर्म कै विविध स्वरुप र महत्वलाई मान्यता दिँदै अएको छ । यहाँ धर्म कै आश्रयका लागि विभिन्न उत्सव र चाडपर्वहरूमा यज्ञानुष्ठान तथा पाठपूजा गर्नका लागि समय समयमा भक्त जनहरूको आगमन हुने गर्दछ । भक्त जनहरूले पाठ पूजा र अर्चनार्कै विश्वासका आधारमा आफ्नो अभीष्ट पूरा भएको पनि सम्भन्ने गर्दछन् । यस संस्थामा धार्मिक आस्था र विश्वासलाई महत्वपूर्ण मान्ने भक्तजनहरूले जीवनको अभिन्न अंग धर्मलाई नै बनाएका छन् । संस्कृतमा भनेको पनि छः-“विद्या ददति विनयं विनयाद्याति पात्रतम, पात्रत्वानमाप्नोति धनाद्धर्म ततःसुखम्” अर्थात विद्याले विनय, विनयले योग्य पात्र, योग्य पात्रबाट धन प्राप्ति र धनबाट धर्म तथा धर्मबाट सुख प्राप्ति हुन्छ भन्ने हिन्दू संस्कृतिको मान्यता छ । यसरी यो संस्था मानव कल्याणको निम्ति स्थापना भएको धार्मिक तथा सामाजिक विशुद्ध संस्था हो । [घछ]



३५. संस्थाका महन्त श्री लक्ष्मीशरण देवजीसँग मिति २०६६।५।४ को अन्तर्वार्ताबाट प्राप्त जानकारी

**श्री राधाकृष्ण भगवान्‌को मूल मन्दिर**

## २.२ श्री राधाकूष्ण मन्दिर, शान्ति आश्रमको संक्षिप्त परिचय



संस्थापक गुरु

धर्म निरपेक्ष राष्ट्र नेपालमा मानिने धर्म मध्येको एक महत्वपुर्ण धर्म हिन्दु सनातन धर्म हो । गौरवमय इतिहास वोकेको प्रमुख धार्मिक पर्यटकीय क्षेत्रको रुपमा रमणीय अन्नपूर्ण र माछापुच्छ्रे हिमालको काखमा अवस्थित साततालको बगैँचा शहरको रुपमा सुपरिचित नेपालको पश्चिमाञ्चल (श्यामघाट) स्थित श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रम एक महत्वपूर्ण विशुद्ध धार्मिक संस्था हो । ऐतिहासिक दृष्टिले मानवजातिको परमकल्याण शान्ति, सहअस्तित्व विश्ववन्धुत्व, अहिंसा, विश्व मानवतावाद जस्ता मानवीय चेतना अभिवृद्धि गर्न र गराउनका लागि यस संस्थाले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । नेपाल राज्य र अन्तराष्ट्रिय हिन्दू धर्मावलम्वी त्यसमा पनि स्थानीय हिन्दू धर्मावलम्वी, समाजसेवी, बुद्धिजिवीहरूको अथक सक्रियता, भावनात्मक प्रेम आर्थिक तथा नैतिक सहयोगका साथै तनहुँ जिल्ला थप्रेक १ सेरावेशी निवासी हरिप्रिया दासी (अधिकार्नी साहिँली) को अनुरोध र सहयोगमा अनन्त श्री विभूषित भगवतशरण देवाचार्यजी महाराजबाट आफ्नो सीप, दक्षता र सम्पत्ति लगानी गरी वि.सं. २०२२ सालमा यो संस्थाको स्थापना भएको हो ।[घट] यस संस्थाको निमार्णका लागि यस क्षेत्रका विशेषत: तल्लो र माथिल्लो गगनगौडा, सेरावेसी, लामेआहाल मालमुलका महानुभावहरूले आफ्नो सन्धि सर्पन गौचरनभित्रको जग्गाको पर्वाह नगरी यो संस्था निमार्ण क्षेत्रमा १० रोपनी र यसै क्षेत्रको तल्लो तहरामा लगभग ४० रोपनी जग्गा प्रदान गर्नुभयो । सर्वप्रथम यो संस्था पौवाको रुपमा तल्लो तहरा जहाँ ढुङ्गेआहालको रुपमा परिचित छ, त्यही नै रहेको थियो । पछि संस्थापक महाराजजीले पृथ्वी राजमार्गको नजिक पर्ने हाल संस्था निमार्ण भएको स्थानमा पैगोडा शैलीमा ईंटाको गाह्रो र ढुङ्गाको छानो भएको दुई तहको मन्दिर निमार्ण गर्नुभयो । संस्थापक महाराजजीको २०३६ सालमा बुद्ध पूर्णिमाको दिन गोलोकधाम पछि आचार्य श्री कै प्रियतम शिष्य तथा उत्तराधिकारी आवाल ब्रह्मचारी महात्मा श्री १०८ हरिदास देवाचार्य

३६. श्री मुकुन्दशरण उपाध्याय, श्री राधाकृष्ण मन्दिरका भू.पु. अध्यक्षसँग मिति २०६६।७।११ को अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

जी महाराजले चन्दा सहयोको साथै आफ्नै व्यक्तिगत श्रीसम्पत्ति लगानी गरी वर्तमान अवस्थाको मूल श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको निमार्ण गरी विशिष्टतम निःस्वार्थ त्यागको भावना प्रस्तुत गर्नुभयो । स्याङ्जा जिल्ला साँखर गा.वि.स केलादीघाँटमा विशाल संस्था स्थापना गरिसकेपछि पनि यस क्षेत्रका हिन्दूधर्मावलम्वीहरू त्यसमा पनि निम्वार्क सम्प्रदाय अनुयायीहरूका लागि पनि यो संस्था स्थापना गर्नु भएको हो । दुङ्गैढुङ्गाले युक्त भएको स्थानमा पनि ढुङ्गा फ्याँकेर  खेतीयोग्य जमिनको रुप दिनु भयो । महाराजजीको कार्यक्रमको मूल क्षेत्र पनि पोखरा  नै रहेको थियो ।[घठ]

यस संस्थाको स्थापना, निमार्ण, संरक्षण र सम्वर्द्धन गर्ने क्रममा संस्थाका निवर्तमान महन्त श्री थानेश्वर सखीशरण भण्डारी, संस्थाका निर्वतमान अध्यक्ष श्री मुकुन्दशरण उपाध्याय, सदस्य श्री अच्युतप्रसाद सिग्देल, श्री मातृकाप्रसाद सिग्देल, समाजसेवी श्री चक्रपाणी पौडेल, श्री भक्तबहादुर बस्नेत, श्रीमती भक्ति अधिकारी, श्री कृष्णप्रसाद अधिकारी तथा स्थानीय बुद्धिजीवि र समाजसेवीको महत्वपूर्ण भूमिका रहेको छ ।

संस्थाको स्थापना कालदेखि २०४८ सालसम्म महाराजजीद्वयको संरक्षकत्वमा संस्था सञ्चालन हुँदै आएकोमा २०४९/११/२१ गतेदेखि सामाजिक तथा धार्मिक संस्थाको रुपमा श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको विधान २०४९ अनुसार विधिवत श्री मुकुन्दशरण उपाध्ययको अध्यक्षतामा ९ सदस्यीय तदर्थ समिति गठन गरी जिल्ला प्रशासन कार्यालय कास्कीमा र.नं. ८५/४९ अनुसार दर्ता गरियो । जुन समितिको नामावली निम्न बमोजिम रहेको छ ।[घड]

१ अध्यक्ष : श्री मुकुन्दशरण उपाध्याय

२ सदस्य : सचिव श्री मातृकाप्रसाद सिग्देल

३ सदस्य : श्री चक्रपाणि पौडेल

४ सदस्य : श्री बद्रिनाथ अधिकारी

५ सदस्य : श्रीमती भक्ति अधिकारी

६ सदस्य : श्री बैकुण्ठ प्रसाद घिमिरे

७ सदस्य : श्री बालकृष्ण वडगामी

८ सदस्य : श्री शिवलाल तिवारी

---

३७. श्री भक्त वहादुर बस्नेतसँग मिति २०६६।८।१५ को अन्तर्वार्ता प्राप्त जानकारी ।

३८. श्री राम चन्द्र सिग्देल मिति २०६६।८।१५ को अन्तर्वार्ता प्राप्त जानकारी ।

९	सदस्य : श्री  भक्त बहादुर बस्नेत

वि.सं २०४९ सालमा गठित उक्त समिति श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको विकासमा निरन्तर रुपमा लागि रह्यो । यस क्रममा स्थानीय रुपमा चन्दा संकलन गरी संस्थाको आन्तरिक तथा वाह्य रुपले प्रचारप्रसार गरियो । बाहिरी जिल्लामा समेत संस्थाको नाम फैलन गयो । यसले गर्दा संस्थाको गौरव र गरिमा बढ्न गएकोमा दुई मत हुन सक्दैन ।[घढ]

संस्थाको धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न र सम्पूर्ण हिन्दु सनातन वैदिक धर्मको संरक्षण र सम्वर्द्धन गर्ने र संस्कृत विद्यालय, धार्मिक पुस्तकालय, गौशाला, वृद्धाश्रम अतिथि निवास, फलफूलोद्यान, सत्सङ्ग भवन, दैनिक भगवत् सेवा आदि स्थापना गर्ने उद्देश्यका साथ २०५७ साल मार्गशीर्ष ९ गतेदेखि १७ गतेसम्म "विराट ज्ञान महायज्ञ २०५७" सञ्चालन भयो । यस महायज्ञका प्रमुख वाचकका रुपमा सन्त शिरोमणि आचार्य श्री खेमराज केशवशरण रहनुभएको थियो भने सो महायज्ञको उद्घाटन तत्कालीन, मानवीय सभामुख श्री तारानाथ रानाभाटज्यूले गर्नु भएको थियो । सो महायज्ञ सु-सम्पन्न भएपछि २०५७ मंसिर १८ गते नै स्थानीय जनभेलाबाट श्री शंकरबहादुर के.सी को अध्यक्षतामा ६ महिनाभित्रमा संस्थाको महासमितिबाट मूल प्रबन्ध समितिको निवार्चन गर्ने गरी ९ सदस्यीय पुनः तदर्थ समिति र संस्थाको विकासमा सहयोग होस् भन्नका लागि श्री ध्रुव थापाको संयोजत्वमा एक विकास समिति समेत गठन भयो । जुन यस प्रकार रहेको छ ।

१	अध्यक्ष :	श्री शंकरबहादुर के.सी

२	उपाध्यक्ष :	श्री माधवप्रसाद खनाल

३	सचिव :	श्री ठाकुर प्रसाद सिग्देल

४	सहसचिव :	श्री राम चन्द्र सिग्देल

५	कोषाध्यक्ष :	श्री गजेन्द्र के.सी

६	सदस्य :	श्री खीमबहादुर खत्री

७	सदस्य :	श्री प्रकाशचन्द्र "पागल"(गिरी)

८	सदस्य :	श्री रामजी बादल (पौडेल)

९	सदस्यः	श्री टेकनाथ पन्थी

१०	प्रमुख संरक्षक महन्त श्री थानेश्वर सखीशरण भण्डारी

---

३९. श्री शंकर बहादुर के.सीसँग मिति २०६६।८।१५ को अन्तर्वार्ता प्राप्त जानकारी ।

उक्त समिति गठन भएपछि महायज्ञ २०५७ बाट प्राप्त आम्दानीले भान्साघर, भित्री कम्पाउण्डवाल, अतिथि निवास, शौचालय आदि जस्ता भौतिक निमार्णका कार्यहरू भए । संस्था सञ्चालन गर्नको लागि आवश्यक गुठीको व्यवस्था मिलाउने काम संस्थापक महाराजजीबाटै भएको हो । बर्दिया जिल्लाको राजापुरमा भएको आफ्नो नीजि सम्पत्ति १६ विगाह जमिन वि.सं. २०५१ सालमा रु.४,००,०००।- (अक्षेरुपी चारलाख) मा बिक्री वितरण गरी त्यसबाट प्राप्त व्याज तथा दानदक्षिणा एवं चन्दा सहयोगका साथै संस्थाको नाममा भएको स्थानीय जमिनको प्राप्त अन्नबाट संस्था सञ्चालन हुँदै आएको छ ।[४०]

जमिनको विक्रीबाट प्राप्त उक्त रु ४,००,०००।-(चार लाख) मध्ये रु १,२३,०००।- एकलाख तेइसहजार) ज्ञानमहायज्ञ -२०५७ मा खर्च हुनुका साथै अन्य रकम विभिन्न उत्सव, पर्व, खेतीपाती , निर्माणकार्य तथा ऋण सापटी स्वरुप खर्च भएको र बाँकी रकम बैंकमा र व्याजमा लगानी भएको छ । "ज्ञानमहायज्ञ- २०५७" मा नगद र बोलचन्दा समेत गरी जम्मा रकम रु १६,१७,५८८।- मध्ये रु ८,८०,६६९।- नगद अच्युतप्रसाद सिग्देलज्यूले बोलचन्दको रुपमा वोल्नु भएको ५,२०,०५१।- मा तत्कालीन कार्यसमितिले रु ४,२०,०००।- मूल्याङ्कन गरी सो मूल्य बरावरको जग्गा प्रदान गर्नु भएको छ । बाँकी रु १,००,०५१।- लिन बाँकी संस्थामा जोडिएको लगभग ३ रोपनी जग्गा पनि संस्था कै नाउँमा दर्ता भएको छ । [४१]

जस अनुसार " महायज्ञ-२०५७" को बोलचन्दा मध्ये जग्गा समेतको मूल्याङ्कन गरी रु ८,८०,६६९।- नगद र जग्गा मूल्याङ्कनको रु ४,२०,०००।- गरी रु १३,००,६६९।- उठिसकेको रु ३,१६,९१९।- अझ उठ्न बाँकी रहेको छ । यस संस्थाको २०३१ सालको सर्भेमा खडानन्द लामिछानेको नाउँमा रहेको २०३२ सालको सर्भेमा यस संस्थाको नाँउमा कित्ताकाट भएको लगभग ७ रोपनी जग्गा मन्दिरसँगै जोडिएको वि.नं. १९८ को जग्गा, २०५२/०५३ सालतिर बरावर रु १,५०,०००।- मा खडानन्द लामिछानेसँग अच्युतप्रसाद सिग्देल र यसै संस्थाले किनेको जग्गा समेत गरी सवै १८ रोपनी जग्गामा संस्थाले कम्पाउण्डवाल (पर्खाल) लगाईसकेको छ । महायज्ञमा उठेको रकम मध्येबाट अतिथि निवास, भान्साकोठा, मन्दिर कम्पाउण्ड (पर्खाल) लगाइसकेको छ । महायज्ञमा उठेको रकम मध्येबाट अतिति निवास, भान्साकोठा, मन्दिर कम्पाउण्डवाल, तत्कालिन "महायज्ञ -२०५७ " गर्दाको खर्च, शौचालय र अन्य निमार्ण कार्यमा खर्च भएको र बाँकी रकम ऋण लगानी र वैंक

४०. संस्थाका अध्यक्ष श्री मातृकाप्रसाद सग्दिलसँग मिति २०६६।८।२० को अन्तर्वार्ता प्राप्त जानकारी ।
४१. ऐजन ।

मौज्दात रहेको छ । महायज्ञ-२०५७ को वोलचन्दा रकम रु ३,१६,९१९।- अझ उठ्न बाँकी रहेपनि २०६६ मंसिर मसान्तसम्मको संस्थाको लागि आर्थिक सहयोग गर्नुभएका महानुभावहरूको नाम शिलालेखमा नामाङ्कन गरिसकिएको छ । उठ्न वाँकी रकम उठाउन पहल भैरहेको र यसमा केही प्राविधिक कठिनाई परिरहेको छ ।[ढद]

पूज्यवर महाराजज्यूको इच्छा अनुसार धार्मिक तथा ज्ञानविज्ञान सम्वन्धी पुस्तकालय, सबै विषयहरू समावेश भएको संस्कृत विद्यालय, महाराजजीद्वयको मूर्ति स्थापना, बाहिरी जग्गा कम्पाउण्डलाई पूर्णता, सत्सङ भवन, दैनिक भजनकीर्तनको व्यावस्था, वृद्धाश्रम, धार्मिक धरोहरको रुपमा पर्यटकीय सुन्दरताको लागि पार्क, वृक्षारोपण, विविध धार्मिक एवं साँस्कृतिक कार्यक्रमको लागि उचित जग्गाको व्यवस्थापन नदीमा जाने आवश्यक बाटो, आदिको निमार्ण गरी वैद्धिक सनातन धर्मालम्वीहरूको आस्थाको केन्द्रविन्दु बनाउने उद्देश्य समितिले लिएको छ ।[ढघ]

आचार्य श्री १०८ हरिदास देवाचार्यको निधन २०५२ फाल्गुणमा भएको र त्यसपछि वहाँको उत्तराधिकारी महन्तको रुपमा पं.श्री थानेश्वर सखीशरण भण्डारीको संरक्षकत्व तथा समितिको व्यवस्थापनको सक्रिय सहयोगमा संस्थाा सञ्चालन हुँदै आएकोमा उहाँको वृद्धता तथा शारीरिक अस्वस्थताको कारण दशाई महन्तबाट त्यागपत्र दिनुभएको हुँदा वि.सं. २०६४ वैशाखबाट हेमजा, मिलनचोक निवासी पं.श्री लक्ष्मीशरण पौडेललाई महन्तको रुपमा पदासीन गर्ने काम भयो । त्यस अवसरमा प्रतीक वृन्दावन, श्री राधाकृष्ण मन्दिर, गैडाकोट, नवलपरासीका महन्त श्री प्रा. हरिशरण देवजी लगायत अन्य सन्त, महन्त वुद्धिजीवी, समाजसेवी, विद्वान, संस्थाका संरक्षकहरू, सल्लाहाकारहरू, आजीवन सदस्यको उपस्थिती थियो । वहाँ विद्वान, कवि, त्यागी, कर्तव्यनिष्ठ, व्यक्तित्व हुनुहुन्छ । उहाँबाट नै हाल संस्थाको प्रमुखको रुपमा संरक्षकत्व हुँदै आएको छ । स्थानीय तहमा मात्र नभइ नेपाल अधिराज्यभर तथा भारतमा समेत परिचित यस संस्थामा वि.सं. २०५५ सालमा काञ्चीकामाकोटी पीठाधीश्वर शंकराचार्य श्रीजयेन्द्र सरस्वती र वहाँका उत्तराधिकारी विजयेन्द्र सरस्वती समेतको आगमन भएको थियो । जसले गर्दा यस संस्थाको महत्वमा बृद्धि भएको छ ।[ढढ]

४२. ले.ना.पा. १३ लामेआहालको संख्याको आ.वा २०६४/०६५ को वार्षिक प्रगति प्रतिवेदन २०६५ अनुसार ।
४३. श्री नन्द प्रसाद अधिाकरीसँग मिति २०६६।८।१५ को अन्तर्वार्ता प्राप्त जानकारी ।
४४.श्री माधवप्रसाद खनाल, मिति २०६६।८।२१ को अन्तर्वार्ता प्राप्त जानकारी ।

## २.३ श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको नामाकरण

"श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रम" एक विशुद्ध वैदिक ॐकार स्वरुप हिन्दु धर्म, निम्वार्क सम्प्रदायमा आधारित संस्था हो । यस सम्प्रदायका मूल उपास्यदेव तथा आराध्यदेव श्री राधाकृष्ण युगल मूर्ति हुनुहुन्छ । यस सम्प्रदायको धार्मिक, तथा ऐतिहासिक परम्परा खोज्दै जाँदा हंश भगवानदेखि सनकादिक नारद हुँदै निम्वार्क भगवानसम्म पुग्नुपर्ने हुन्छ । सुदर्शन चक्रावतार वालक नियमानन्दले एक सन्यासी स्वरुप योगीलाई निमको रुखमा सूर्य ( अर्घ) को दर्शन गराएकोले नियमानन्द बालक नै निम्वार्कका नामले प्रसिद्ध हुनुभयो । निम्वार्क सम्प्रदायका मूल संस्थापक आचार्य निम्वार्कको आविर्भावको समय द्वापरयुगको अन्त्य र कलियुगको प्रारम्भवस्थालाई मान्न सकिन्छ । यो निम्वार्क सम्प्रदाय लगभग ५ हजार वर्ष पुरानो रहेको शास्त्रीय सम्मत रहेको छ । निम्वार्कलाई सुदर्शन चक्रावतारका रुपमा पनि मानिन्छ । निम्वार्कपछि द्वादश, अष्टादश र पुन अष्टम आचार्यहरूको ऐतिहासिक परम्परा रहेको मानिन्छ । यस संस्थाका संस्थापक आचार्य श्री भगवतशरण देवाचार्यजी र श्री हरिदास देवाचार्यजीसम्म आइपुग्दा ४८ औं गुरु परम्परा रहेको छ ।[४५] यस सम्प्रदाय र तत्सम्वन्धी उपास्यदेव श्री राधाकृष्ण युगल स्वरुप्सँग आश्रित भएको हुदाँ यस संस्थाको नामाकरण पनि "श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रम" गरिएको हो । यस संस्थामा विभिन्न शिव, विष्णु, दुर्गा, गणेश, गरुड, हनुमान, सूर्य सरस्वती, स्वस्थानी आदि देवीदेवताको मन्दिर समेत रहेतापनि मूल उपास्य देवताका रुपमा श्री राधाकृष्ण युगल स्वरुप विराजमान रहनु भएको छ ।[४६]

## २.४ श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको उत्पत्ति तथा उद्देश्य

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र गण्डकी अञ्चल, कास्की जिल्ला लेखनाथ नगरपालिका वडा नं. १३ (साविक रुपमकोटा-१, शिशुवा-६ लामेआहालमा श्री राधाकृष्ण मन्दिर, शान्ति, आश्रम ओँकार स्वरुप सम्पूर्ण हिन्दू धर्मावलम्वीहरूको आस्थाको केन्द्र हो । सम्प्रदायको दृष्टिले यो संस्था निम्वार्क सम्प्रदायसँग सम्वन्धित छ । यस संस्थाका संस्थापक अनन्त श्री विभूषित भगवतशरण देवाचार्यजी महाराज हुनुहुन्छ । वहाँबाट नै तनहूँ थप्रेक १ , सेरावेसी निवासी हरिप्रिया दासी अधिकारी (अधिकार्नी साहिली) को अथक प्रयास सहयोग

४५. श्री रामचन्द्र सिग्देलसँग मिति २०६६।८।१६ को अन्तर्वार्ता प्राप्त जानकारी ।
४६. श्री नन्दप्रसाद अधिकारी, उपाध्यक्ष, ऐजन समिति, २०६४ ।

र सक्रियतामा यो संस्थाको स्थापना वि.सं. २०२२ सालमा भएको हो ।[४७] भक्तिमती हरिप्रिया दासीको आफ्नै सन्तान नभएको र भगवत आराधनाप्रति वढी ध्यान केन्द्रित भएकोले संस्थापक आचार्य श्री बाट वहाँले वैष्णवी दीक्षा ग्रहण गर्नुभयो । वैष्णव धर्मको प्रचार प्रसारमा वहाँले विशिष्ट योगदान पनि दिनुभयो । वैष्णव धर्मप्रचार गर्ने क्रममा सेतीपार ( पोखरा) लगायत विविध क्षेत्रमा आउने जाने क्रम संस्थापक महाराजजीको भइनैरहन्थ्यो । यसै क्रममा यस क्षेत्रका धार्मिक सज्जन महानुभावहरूको सुगमता र धार्मिक आस्थालाई ध्यानमा राखेर यस क्षेत्रमा एउटा धार्मिक संस्था स्थापना गर्ने चाहना भएको र रात्रीमा समेत भक्तिमाती हरिप्रिया दासीलाई पनि श्री राधाकृष्ण युगल भगवानको संस्था स्थापना गर्ने आज्ञामूलक सपना प्राप्त भएको हुँदा सोही बमोजिम आफ्नै गुरु महाराजसँग यस क्षेत्रमा श्री राधाकृष्ण भगवानको मन्दिर निमार्ण गर्न निवेदन गर्नुभयो । संस्थाकै स्वमित्वमा संस्था निर्माण गर्न आवश्यक जग्गा नभएको हुँदा हरिप्रिया दासी (अधिकार्नी साहिली) ले मालपूल गगनगौडा, सेरावेसी, लामेआहाल, आदि क्षेत्रका समाजसेवी तथा धार्मिक व्यक्तित्वहरूसँग संस्था निमार्णको लागि आवश्यक जग्गाको व्यवस्था गरिदिन अग्रह गर्नुभयो ।[४८]

सो आग्रहलाई स्वीकार गर्दै यस क्षेत्रका भद्रभलादमी, समाजसेवी तथा धार्मिक व्यक्तित्वहरूको भेलाले आफ्नो सन्धीसर्पन, तागोतगारो र गौचरनलाई समेत प्रर्वाह नगरी साविक (रुपाकोट-१, शिशुवा-६) हाल लेखनाथ १३ लामेआहाल (श्यामघाट) मा आवश्यक जग्गाको व्यवस्था गरिदिने निर्णय भयो । सेती नदीको किनार (तहरा) ढुङ्गेआहालमा प्रारम्भमा एउटा काठको र ढुङ्गाले छाएको गौसेवा र भगवत सेवा गर्न मिल्ने पौवा निमार्ण भयो ।[४९] संस्थापक महाराजजी तथा हरिप्रिया दासी अधिकारी, श्यामदासी घिमिरे, इश्वरीदासी पौडेल, धरणीधर खनाल लगायत अन्य भक्तभक्तिनीहरू त्यही आएर भागवत्सेवा गरी वस्नुभयो । हरिप्रिया दासीले संस्थाको नाउँमा जग्गा दर्ता गर्न र संस्था निर्माण गर्न सबै धार्मिक सज्जनवृन्दसँग आग्रह गर्दै हिंड्नु भयो । पोखरामा वडा हाकिमसँग भेटघाट गरी वहाँले संस्था निमार्णको सहयोगको लागि अनुरोध भयो । वडाहाकिमबाट आवश्यक सहयोग पनि प्राप्त भयो । गुरु महाराजजीले पनि चन्दा संकलनका साथै आफ्नो व्यक्तिगत सम्पत्ति तथा यज्ञानुष्ठानबाट आएका सवै नगद तथा जिन्सी मन्दिर निमार्णमा नै समर्पण गर्नुभयो ।[५०]

४७. लेखनाथ घिमिरेसँग मिति २०६६।८।१५ को अन्तर्वार्ता प्राप्त जानकारी ।
४८. शखिशरण भण्डारी, प्रमुख संरक्षक अथवा महन्तसँग अर्न्तवार्ता ।
४९. मन्दिरका सदस्य खिमबहादुर खत्रीसँग मिति २०६६।८।२१ को अन्तर्वार्ता प्राप्त जानकारी ।

५०. महन्त श्री लक्ष्मी शरण उपाध्याय, वर्तमान मन्दिरका संरक्षक ।

संस्थापक आचार्य श्रीले स्याङ्गजा जिल्ला, साँखर, केलादीघाटमा धार्मिक संस्था निमार्ण गरिसक्नुभएको र पछि हरिप्रिया दासी कै सहयोगमा आफ्नै स्वामित्वमा रहेको २ रोपनी १२ आना जग्गा पनि संस्थालाई दान गर्नुभयो । संस्था निमार्ण र धर्म प्रचारमा अवैष्णव पण्डितहरूले वहाँको धार्मिक आस्थाप्रति इर्ष्या र डाह गरी शारीरिक र मानसिक यातना दिन पछि परेनन् तर महाराजजीको दिव्यशक्तिको अगाडि उनीहरूको अमानवीय कार्य सम्पन्न हुन सकेन । पहिले यो क्षेत्रमा निर्जन भएको र स्यालहरू कराउने ढुङ्गैढुङ्गाले युक्त थियो । पछि यहाँको सज्जन व्यक्तिहरूको सक्रियतामा २०२७/०२८ सालतिर सवैभन्दा माथिल्लो तहरा वा पृथ्वीराजमार्गको निकटमा पैगौडा शैलीमा दुईतले ढुङ्गाको छानो भएको मन्दिर निमार्ण भयो । वि.सं. २०३१ सालमा बाढीपीढितहरूलाई जग्गा वितरण गर्ने क्रममा सोही स्थानमा लगभग १० रापनी जग्गा संस्थाकै नाँउमा अस्थायी दर्ता भयो । यस सन्दर्भमा श्री भक्तबहादुर वस्नेत, स्व.शिवलाल तिवारी, स्व.चन्द्रवहादुर (मुखिया) आदिको अमूल्य सहयोग रहेको छ । पुनः २०३२ सालमा संस्थाको नाममा कित्ताकाट भएको र २०३१ सालको खडानन्द लामिछाने बाढीपीडितको जग्गाको हकदावी गर्न नआएको हुदाँ उनले पाएको संस्थामा जोडिएको ७ रोपनी जग्गा समेत संस्थाकै नाममा दर्ता भयो । सो जग्गा हाल संस्था कै भोगचलनमा रहेको छ । वि.सं. २०३६ सालमा संस्थापक महाराजजीको गोलोकधाम पछि वहाँकै उत्तराधिकारी शिष्य श्री १०८ हरिदास देवाचार्यजी महाराजले स्याङ्गजा केलादीघाटबाट यहाँ आई हालको अवस्थामा रहेको पक्की मन्दिरको निमार्ण गर्नुभयो ।[छज्ञ]

वि.सं. २०४८ सालसम्म आचार्य श्री हरिदास वावाकै व्यक्तिगत संरक्षकत्वमा रहेको यो संस्था २०४९ साल फाल्गुण २१ गते तत्कालीन श्री ५ को सरकार समाजकल्याण परिषद् अर्न्तगत जिल्ला प्रशासन कार्यालय, कास्कीमा कवि तथ प्राज्ञ श्री मुकुन्दशरण उपाध्यायको अध्यक्षतामा ९ सदस्यीय तदर्थ समिति गठन गरी दर्ता नं. ८५/०४९ अनुसार दर्ता भएको हो ।[छद्द]

वि.सं. २०५३ सालमा श्री हरिदास बाबाको पनि गोलोकधाम भएपछि यस संस्थाको संरक्षक तथा महन्तको रुपमा पं. श्री थानेश्वर सखीशरण भण्डारी पदासीन हुनु भयो । वहाँले पनि अस्वस्थताको कारण देखाई राजिनामा दिनुभएको हुँदा वहाँको स्थानमा २०६४ वैशाख १७ गते हाल हेम्जा कास्की निवासी पं. श्री लक्ष्मीशरण उपाध्याय पदासीन हुनु

---

५१. श्री प्रसाद पन्थी, स्थानीय वासिन्दासँगको अर्न्तवार्ता ।
५२. राम चन्द्र सिग्देल, मन्दिरका सचिवसँग लिएको अन्तर्वार्ता ।

भएको छ ।[छघ] श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रम एक मुनाफा रहित विशुद्ध धार्मिक तथा सामाजिक संस्था हो ।[छद्ध] यस संस्थाको प्रमुख उद्देश्य वृद्धवृद्धाहरूलाई निःशुल्क भोजन र आवासको व्यवस्था गर्नु, द्वैताद्वैत सिद्धान्तमा आधारित वैदिक सनातन हिन्दू धर्मको संरक्षण र सम्वर्द्धन गर्नु, निम्वार्क सम्प्रदाय अनुसार अचारविचार तथा व्यवहार प्रस्तुत गर्नु, धर्म, दर्शन, पुराण, साहित्य, इतिहाससँग सम्वन्धित पुस्तकालयको स्थापना गर्नु, मूल सँस्कृति तर सवै विषय समावेश भएको विद्यालय स्थापना गर्नु धार्मिक, भौतिक, प्राकृतिक वस्तुहरूको सदुपयोग र निर्माणकार्यलाई व्यवस्थित गर्नु, धार्मिक तथा सामाजिक आश्रय नपाएकाहरूलाई आश्रय दिनु, धार्मिक, सामाजिक, कार्यहरूको अनुशीलन गर्नु आदि जस्ता विषय रहेका छन् ।[छछ]

## २.५ श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको पूजाविधि

संस्थाका प्रमुख धार्मिक संरक्षक एवं सञ्चालक आचार्य गुरुका रुपमा संस्थालाई धार्मिक, आध्यात्मिक र सामाजिक नेतृत्व प्रदान गरेर संस्थाको संरक्षण र सम्वर्द्धन गर्नका लागि विधान अनुरुप संस्थामा एक जना महन्तको व्यवस्था गरिएको छ ।[छट]

विधानको अधिनमा रही योग्यता पुगेको व्यक्तिलाई विधान अनुरुप संरक्षक परिषदको परामर्शमा मूलप्रवन्ध समितिले मनोनयनद्वारा महन्त पदको पूर्ति गर्दछ । तर त्यसरी मनोनित महन्तको हकमा आगामी वार्षिक अधिवेशन वा महासमितिकै बैठक वस्ने वर्ष भएमा सोहीबाट अनुमोदन गर्नु अनिवार्य छ । महन्तको निम्ति आवश्यक योग्यता निम्न अनुसार हुनुपर्नेछ ।

अ- अनादिवैदिक सनातन, निम्वार्क वैष्णव सम्प्रदायमा दीक्षित नेपाली नागरिक

आ- संस्थापक आचार्य श्रीका शिष्य पराम्परामा दीक्षित तथा तदनुकुल सदाचारनिष्ठ ब्रहमचारी वा गृहस्थाभ्रम निवृत्त ब्राम्हण

इ- महासमितिको सदस्य

ई- संस्थापक आर्चायश्रीका शिष्यपरम्परामा दीक्षित योग्य व्यक्ति पाउन नसकिएमा निम्वार्क वैष्णव सम्प्रदायमा दीक्षित अन्य सुयोग्य अनुयायी

---

५३. चक्रपाणी पौडेल, मन्दिरका सल्लाहकारबाट लिइएको अर्न्तवार्ताबाट प्राप्त जानकारी ।

५४. विष्णुप्रसाद पोखरेल, संस्थाका सल्लाहाकारसगँ लिइएको अर्न्तवार्ताबाट प्राप्त जानकारी ।

५५. श्री राधाकृष्ण मन्दिर शान्ति आश्रमको विधान २०५९ बाट साभार वा लिइएको ।

५६. ऐजन ।

भएपनि लिन सकिने छ । तर संस्थामा संस्थापक आचार्य श्री कै परम्परालाई निरन्तरता दिइने छ ।

## महन्तको काम, कर्तव्य र अधिकार

महन्तको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क) अनादिवैदिक निम्वार्क सम्प्रदायको सिद्धान्त अनुरुप शिक्षा-दीक्षा आदिद्वारा श्रद्धालु भक्तजनहरूका आध्यामिक र सामाजिक उत्थान गर्न सघाउने ।

खं) संस्थाको दैनिक कार्य सञ्चालन गर्न प्रबन्ध समितिलाई आवश्यक परामर्श दिने ।

ग) प्रवन्ध समितिको बैठक बस्न नसकेको अवस्थामा आवश्यक कार्य गर्नको लागि आवश्यकता अनुसार एक पटक रु ५०००।- सम्म खर्च गर्न सक्ने ।

घ) संस्थाको आध्यात्मिक, नैतिक, सामाजिक तथा आर्थिक विकाशका साथै यसको संरक्षण संबर्द्धनमा विशेष ध्यान दिने ।

ङ) संरक्षण समितिको बैठकको अध्यक्षता गर्ने ।

च) प्रवन्ध समितिमा २ जना सदस्यको मनोनयनका लागि सिफारिस गर्ने ।

महन्तको पद रिक्त हुने अवस्था महन्तको पद रिक्त भएको मानिने छ ।

क) मानसिक वा शारीरिक रोगका कारण असक्षम भएको भनी प्रवन्ध समितिको सिफारिसमा संरक्षण परिषदले ठहर गरेमा ।

ख) महन्तको मृत्यु भएमा

ग) पद अनुसारको आचरण नगरेको भनी महासमितिले ठहर गरेमा

घ) लिखित राजीनामा दिई संरक्षक परिषदको राय अनुसार प्रवन्ध समितिले स्वीकृत गरेमा । [छठ]

यसरी एक जना महन्तको व्यवस्था संस्थामा गरिएको हुन्छ ।

यस श्री राधाकृष्ण मन्दिर शान्ति, आश्रम निम्वार्क सम्प्रदायमा आधारित हुनेहरूको लागि मात्र नभएर सम्पूर्ण वैद्धिक सनातनी धर्मानुयायीहरूको आध्यात्मिक संस्था हो । यो सम्प्रदायमा वैदिक, हिन्दू सनातन धर्मकै एक अभिन्न अगं हो । द्वैताद्वैत सिद्धान्त दर्शनमा आधारित यस संस्थका उपास्य आरध्यदेव वा इष्टदेव श्री राधाकृष्ण युगल स्वरुप नै हुनुहुन्छ । मानिसका दैनिक आवश्यकीय कर्मका आधारमा नै उक्त युगल मूर्तिको सेवा पूजा

५७. मन्दिरका महन्त लक्ष्मीशरण उपाध्यायसँग मिति २०६६।९।१० मा लिइएको अर्न्तवार्ताबाट प्राप्त जानकारी ।।

गर्ने परम्परा रहेको छ । ईश्वरले कुनै पनि वस्तुको समर्पणलाई प्रत्यक्ष रुपमा ग्रहण गर्ने विश्वास सहित सेवापूजालाई प्रस्तुत गरिन्छ ।[छड] यस संस्थाम नित्य र नैमितिक दुवै पूजाविधिको प्रयोग गरिन्छ । दिनदिनै गरिने पूजालाई नित्य पूजा भनिन्छ भने विभिन्न उत्सव विशेषमा गर्ने पूजालाई नैमितिक पूजा भनिन्छ । ब्रह्ममुहुर्तमा उठी दिशा, पिशाव, दन्तधावन, स्नान र पवित्रवस्त्र धारण गरी तन्त्रमन्त्र सहित कसैसँग छोइछिटो नगरी पवित्र मन, वचन र कर्मले भगवान श्री राधाकृष्ण तथा अन्य देवीदेवताहरूको पूजामा संलग्न हुनुपर्दछ । सर्वप्रथम गायत्री तथा वैष्णवीमन्त्रको जपध्यान गरी शयनका भगवान्‌लाई मन्त्रोच्चारण गरी  उठाउनु, दिशा, पिशाव, स्नान गराउनु, श्रीखण्ड चन्दन, तील, तुलसीपत्र फूल आदिद्वारा श्रृंगार धुप, नैवेद्य र आरती समर्पण गर्नु पर्दछ । राधाकृष्णको सेवा पूजामा विशेषतः तुलसी समर्पणलाई महत्व दिइन्छ । भगवान श्री राधाकृष्णले तुलसी समर्पण विना नैवेद्य ग्रहण गर्नुहुन्न भन्ने भावनात्मक आस्था रहेको छ । मूल राधाकृष्णको पूजामा निम्बार्क सम्प्रदायको आचारविचार नियमनिष्ठ व्यक्तिलाई अधिकार प्राप्त हुन्छ । एकमात्र पुजारी र संस्थाका महन्तलाई मात्र मन्दिरभित्र प्रवेश गरी पूजा गर्ने परम्परा रहेको छ । यस संस्थाभित्र रहेका मूर्तिहरूको लागि केवल पूजा मात्र गरिन्छ ।[छढ]

यो संस्था विशुद्ध सात्विक आहार, विहार र व्यवहारको संस्था हो । यो संस्थाभित्र रहेका पशुपंक्षी कुनैलाई पनि हिंसा गर्न, गराउन दिइदैन । संस्थाको परिसरभित्र बसोवास गर्ने वृद्धवृद्धा तथा भक्तजनहरूले पनि आ-आफ्नो आश्रित स्थानमा भगवान्‌को सेवापूजा गर्दछन् । साथै भगवान्‌को आरतीमा परिसरभित्र बसेका भक्तजनहरूको पनि आगमन हुन्छ र त्यस अवसरमा सबैले भागवत्‌स्तुति, भजनकीर्तन, जयजयकार, र परिक्रमा गर्दछन् । मूर्तिको भन्दा पनि चक्रवर्ती शालिग्राम शीलाको पूजालाई बढी महत्व दिइन्छ ।[टण] शालीग्राम शीला, श्रीमदभागवत महापुराण तुलसीलाई श्री राधाकृष्णको प्रत्यक्ष स्वरुप मानिन्छ । देवीदेवताको मन्त्रद्वारा १६ संस्कारले पूजा गरिसकेपछि मूल प्रसादको रुपमा दाल,भात, तरकारी रोटी, आदिको भोग लगाइन्छ । तुलसी समर्पण नगरेको वस्तु भगवानले स्वीकार नगर्ने र तुलसीपत्र सर्मपण नगरिकन कुनै पनि खाद्यवस्तु निम्वार्क सम्प्रदाय धर्मावलम्वीहरूले खादैंनन् । यो सम्पूर्ण चराचर जगत भगवानद्वारा नै सृष्टि भएको र सो मूल पुरुषलाई समर्पित नगरीकन मानवजीवले ग्रहण गर्न नहुने परम्परा रहेको शास्त्रीय मान्यता छ ।

५८. ऐजन ।
५९. ऐजन ।
६०. मन्दिरका वर्तमान उपाध्यक्ष श्री नन्दप्रसाद अधिकारीसँग अर्न्तवार्ताबाट प्राप्त जानकारी ।

भगवतत्सेवा यस संस्थामा विहान, दिउँसो र वेलुका तिनै समयमा गरिन्छ । मान्छेको जीवन पद्धति भगवत् स्वरुपमा पनि अन्तर्निहित हुने हुँदा सो अनुसारकै पूजा विधि भागवत् सेवामा अपनाइन्छ ।

श्री राधाकृष्ण स्वरुप शालिग्रामको भावनात्मक रुपमा मन्त्रोच्चारण सहित पूजा गरेपछि इहलोकमा सुखशान्ति समृद्धि र परमधामपछि श्री राधाकृष्णको (वैकुण्ठ वा गोलोकधाम) मा सिधै जान्छन् भन्ने धार्मिक विश्वास रहेको छ । श्रीकृष्ण पूजामा संलग्न व्यक्ति गोपीचन्दन, तुलसीमाला, शंखचक्र, पाउछाप, नामछापद्वारा अलंङ्कृत हुनुपर्दछ । यस निम्वार्क वैष्णव सम्प्रदायमा नवधा भक्ति (दर्शन, कीर्तन, आत्म निवेदन, दाश्यभाव, स्मरण, पाउसेवन, संख्याभाव आदिलाई सर्वोपरी मानिन्छ । यो भागवत धर्मको विशिष्ट पहिचान पनि हो ।[टज्ञ] यस संस्थामा विभिन्न उत्सव पर्व जस्तै संस्थाको वार्षिकोत्सव दीपावली, दशै, तीज, महाराजजीद्वयको जन्म र मृत्युको उत्सव, तीज, जनैपूर्णिमा, भगवानको प्राकट्य भएको दिन आदिमा विशेष पूजा हुन्छ । यसमा धार्मिक कार्यक्रमहरूमा महन्त र पूजारीकै विशिष्ट स्थान रहन्छ ।



भगवान् राधाकृष्णको पूजा गर्दै पुजारी श्री केशवराज भट्टराई

## धार्मिकता

६१. मन्दिरका वर्तमान अध्यक्ष श्री मातृका प्रसाद सिग्देलसँग अर्न्तवार्ताबाट प्राप्त जानकारी ।

मानवीय सुसंस्कृति, सुसंस्कार, अनुशासन, मानवोचित व्यवहार, विश्ववन्धुत्वको भावना, अहिंसा, शान्ति चरित्रवान, कर्तव्यपरायण, कर्मयोगी जीवनका लागि धार्मिक चेतना नै विशिष्ट पक्ष मानिन्छ । अधर्मले मानवीय व्यवहारमा नकारात्मक प्रभाव सृजना गर्दछ । यो संस्थाले सो धार्मिक चेतना अभिवृद्धि गर्नमा विशेष भूमिका खेल्दै आएको छ । धर्मकै व्यवस्थापनमा यो सम्पूर्ण ब्रह्माण्ड सञ्चालित छ । धार्मिक क्रियाकर्म सञ्चालन गर्ने साधनहरू भनेको अतिथि सेवा, गौसेवा, समाजसेवा, यज्ञानुष्ठान, नित्यनैमित्यिक भगवत पूजा आदि हुन् । अन्नपूर्ण र माछापुच्छ्रे हिमालको प्रत्यक्ष अवलोकलन, शुक्लागण्डकीको पवित्रता सुरमुनिको तपस्थली, साधुसन्त महन्तहरूको आगमन तथा अतिथि सेवाले यो संस्था अछुतो रहन सकेको छैन । यो संस्था निर्म्वाक सम्प्रदायमा आधारित हुनाले भगवान श्री राधाकृष्णलाई आराधना पूजाअर्चना गर्नु संस्थाको मूल लक्ष्य रहेको छ तर पनि सवै देवीदेवताको पूजाअर्चनालाई पनि महत्व दिदै आएको कुरालाई नकार्न सकिदैन ।[६२] धर्मका आधारमा नै मानव जीवन सुसंस्कारले युक्त बनोस् र मानव जीवन सभ्य, अहिंसावादी, सत्यम् शिवं, सुन्दरम, होस् भन्ने मान्यता संस्थाले राखेको छ । धर्मकै रक्षा गर्नु, सम्वर्द्धन गर्नु, धार्मिक आस्था र विश्वास सम्पूर्ण मानव समुदायमा प्रतिबिम्वित नै संस्थाको उद्देश्य रहेको छ ।

## २.६ श्री राधाकृष्ण मन्दिर शान्ति आश्रमको सञ्चालन विधि प्रक्रिया

साँस्कृतिक तथा ऐतिहासिकता महत्व

नेपाललाई सुरमुनिहरूको तपस्थलीको रुपमा विशिष्टता प्रदान गरिएको छ । जसमध्ये यस क्षेत्रलाई गगन ऋषि, वेदव्यास र कश्यपले तपस्या गरी पवित्र पारेका थिए । हिमालयको प्रत्यक्ष अवलोकन गर्न सकिने भएकोले संस्थाको आफ्नै पहिचान रहेको छ । गगन ऋषिको तपोभूमि भएकोले यो क्षेत्रलाई गगनगौंडा भन्ने गरिन्छ । पहिले यस क्षेत्रमा शुक्लागण्डकीको प्रवाह रहेका र कालान्तरमा यो नदी धस्सिएर निकै तलबाट प्रवाहित भएको कुरा यहाँको भूवनौट र ढुङ्गा-माटोले पनि प्रमाणित गर्दछ । यो संस्थाको स्थापित इतिहास लगभग ४४ वर्ष भइसकेको छ । स्याङ्गजा, साँखर, केलादीघाटका संस्थापक आर्चाय श्रीबाट नै २०२२ सालमा यो संस्थाको स्थापना भएको हो । लगभग ५ हजार वर्ष पुरानो निम्वार्क सम्प्रदायको ऐतिहासिक परम्परालाई संस्थाले अग्रगमनको स्वरुप प्रदान गर्दै आएको

६२. श्री कृष्णप्रसाद अधिकारीसगँको अर्न्तवार्ताबाट प्राप्त जानकारी ॥

पाइन्छ । आचार्य श्री भागवतशरण देवाचार्यजी र श्री शखीशरण देवाचार्यजी, र श्री लक्ष्मीशरण, देवाचार्यजीको महन्तीय गुरु परम्परालाई संस्थाले अंगीकार गरेका पाइन्छ । स्थापनाकालमा सानो पौवाको रुपमा रहेको यो संस्था वर्तमानमा आएर लेखनाथकै सवैभन्दा ठूलो धार्मिक संस्थाको रुपमा स्थापित हुन पुगेको छ ।[टघ] यो संस्थाको नजिकै जङ्गलको पहाडीय टुप्पोमा कालिका मन्दिर पनि छ । यसको ऐतिहासिक महत्व यो संस्थाको भन्दा पुरानो रहेको छ ।

## २.७ राधाकृष्ण मन्दिर, शान्ति आश्रमको जनविश्वास

मानव जीवनलाई शान्ति सहअस्तित्व, अहिंसा, विश्वभातृत्व, मानवता, वसुधैव कुटुम्वकमतर्फ उन्मुख गराई मर्यादित, अनुशासित सु-सस्कृत, सभ्यतापूर्ण तथा आदर्शशील एवं, चरित्रवान् जीवनशैली बिताउन सहयोग पुऱ्याउने साधन नै आध्यात्मिक चिन्तन हो ।[टद्ध] आध्यात्मिक चिन्तन ईश्वरीय तत्वमा आधारित हुन्छ । भौतिकवादी जीवनशैलीबाट थाकेको पक्षलाई मध्यनजर राखेर आ-आफ्नै शारीरिक र आत्मिक शुद्धि र जीवनशैलीलाई सम्पन्न र, आनन्दित, दीर्घायु बनाउन यस संस्थाप्रति स्थानीय जनताको मात्र होइन, नेपाल राष्ट्र र भारतबाट समेत श्रद्धालु भक्तजनहरूको आगमन हुने गर्दछन् । विभिन्न उत्सव, पर्व तथा यज्ञानुष्ठान कार्यक्रम आदिमा श्रद्धालु भक्तजनहरूको आगमन भई विशेष सेवापूजा गर्ने परम्परा रहेको छ । निम्वार्क वैष्णवहरूको संस्था भनी धर्मका आधारमा साम्प्रदायिक भावनाको रुपरंगको अवस्था देखिए पनि यो आन्तरिक रुपमा नै लुकेको छ । यो धार्मिक संस्थाप्रति मानवीय विश्वास नभएका भए वि.सं. २०२२ सालदेखि वर्तमानसम्म यो अवस्थामा यो संस्था आउने थिएन । यो संस्थाप्रति विभिन्न जातजाति, विभिन्न वर्ग, सम्प्रदाय कसैको पनि अनुत्तरदायी प्रवृत्ति रहेको पाइदैन ।[टछ]आफ्नो कार्यसिद्धिको लागि पनि विभिन्न क्षेत्रबाट पूजा गर्न भक्तजनहरू आउँछन् ।

ज्ञानमहायज्ञ-२०५७ सुसम्पन्न हुनु, संस्था निर्माणका लागि आवश्यक जग्गाको व्यवस्था गरिदिनु, भौतिक निमार्णम सक्रिय सहभागिता देखाउनु अतिथि सेवामा सक्रियता देखाउनु आर्थिक सहयोग र जग्गादान गर्नु, उत्सव पर्वहरू भक्तजनको विशिष्ट आगमन हुनु आदि जस्ता क्रियाशीलताले पनि जनविश्वासको बाटोलाई थप उर्जा मिलेको पाइन्छ ।

---

६३. स्थानीय वासिन्दा श्री घनश्याम खनालकासँगको भटर्वार्ताबाट प्राप्त जानकारी ॥

६४. मन्दिरका वर्तमान सदस्य श्रीमती भक्ति अधिकारीसँग अर्न्तवार्ताबाट प्राप्त जानकारी ।।

६५. श्री गोपालदसी ढकालसँगको अर्न्तवार्ताबाट प्राप्त जानकारी ।

# परिच्छेद : तीन

## ३. श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको गुठी र आर्थिक व्यवस्था

हिन्दु धर्मशास्त्रमा बढी प्रभावित त्यसै पनि यस समाजमा अस्तित्वमा रहदै आएका मठमन्दिर तथा स्तूपहरूप्रति नेपाली समाजको अगाध सम्बन्ध र आस्था हुनु स्वाभाविकै नै हो । यिनै मठमन्दिर तथा स्तूपहरू सञ्चालन, संरक्षण र सम्बर्द्धन गर्नका लागि अक्षयकोषको रुपमा राखिएको अचल सम्पत्तिको नाम हो गुठी ।[टट] “गुठी” शव्दको इतिहास लामो छ । “गोष्ठी” शव्दबाट “गुठी” बनेको हो ।[ट्ट] यसको अस्तित्व नेपालको प्रामाणिक प्रागैतिहासिक कालदेखि नै रहदै आएको स्पष्ट हुन्छ । गुठीको सही मर्म वास्तवमा समग्रमा मानव हित वा मानव धर्मसँग आवद्ध रहेको छ ।[टड] तिर्खाएका वा धापिएकाका लागि पानी खुवाउनु, थाकेको बटुवाको लागि पाटीपौवा विश्राम थलो जुटाउनु, भोकाएकोलाई सिधादान गर्नु, कुमार्गतर्फ लागेकालाई सहिमार्गको बोध गराई सुमार्ग तर्फ लगाइदिनु असहाय प्राणीको सेवा गर्नु जस्तो निस्वार्थ, संवेदनशील एवं विवेकपूर्ण कार्य नै वास्तवमा सच्चा मानव धर्म हुन् । सही धर्मात्मा पनि यस्तै कार्य गर्नेलाई भनिन्छ । शक्तिहरूमा प्राणीमात्रको कल्याण चिताउनु र दीन दुःखीहरूको सेवागर्नु नै ईश्वरको सच्चा सेवा आराधना गर्नु हो भनी स्पष्ट लेखेको पाइन्छ ।[टढ] माथि उल्लेख गरिसकियो कि कुनै पनि मठमन्दिर, पाटी पौवा आदिको संरक्षण एवं सम्बर्द्धनका लागि गुठी को व्यवस्था नेपालमा ऐतिहासिक कालदेखि नै हुँदै आएको छ । यहाँ श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको सन्दर्भमा पनि यसको पूजा सम्बर्द्धन तथा संरक्षणका् उद्देश्यले गुठी व्यवस्था गरिएको छ । किनकि यस मन्दिरको स्थापना नै २०२२ सालमा भएको हो । त्यसै बेलादेखि यस मन्दिरको गुठी व्यवस्था भएको देखिन्छ ।[ठण]

कुनै पनि धार्मिक संस्था सञ्चालनको लागि गुठीको आवश्यकता पर्दछ । यो राधाकृष्ण मन्दिर, शान्ति आश्रमलाई सुचारु रुपले सञ्चालन गर्नको लागि आवश्यक पर्ने गुठीको विषयमा चर्चा गर्दा सर्वप्रथम स्थानीय महानुभावहरूले “श्री राधाकुष्ण मन्दिर, शान्ति आश्रम” निर्माण र सञ्चालनको लागि कास्की जिल्ला, लेखनाथ १३, कास्की

---

१. दिल बहादुर क्षेत्री, ***सिद्ध शक्ति पीठ विन्ध्वासिनी तथा पोखराका केही मठमन्दिरहरूको संक्षिप्त परिचयः*** (पोखरा : श्री विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समिति पोखरा २०५७) पृ. १२४ ।

२. ऐजन

३. ऐजन

४. मन्दिरका महन्त लक्ष्मीशरण उपाध्यायसँगको अन्तर्वाताबाट प्राप्त जानकारी ।

५. राधाकृष्ण मन्दिरको ०६४/०६५ को वार्षिक प्रगति प्रतिवेदनबाट उतार ।

लामेआहाल (साविक रुपाकोट १ शिशुवा-६) को संस्था निर्माण क्षेत्रमा लगभग १८ रोपनी र सेती नदीको किनार (तल्लो तहरा) मा ३४ रोपनी गरी जम्मा ५२ रोपनी जग्गा संस्थाको गुठीको नाँउमा रहेको छ । यसै मन्दिरका संस्थापक आचार्य श्री हरिदास देवाचार्यजीका नाममा रहेको बर्दिया जिल्लाको १६ विगाहा जमिन मध्ये लगभग १६ विगाह जमिन २०५२ सालमा रु.४,००,०००।-मा बिक्रीवितरण गरी त्यसबाट प्राप्त व्याजको आम्दानीबाट र महायज्ञबाट उठेको रकम मध्ये केही रकम व्याजमा दिएकोबाट संस्था सञ्चालन हुँदै आएको छ । यस्तै थप्रेक १ सेरावेसी तनहुँ निवासी हरिप्रिया दासी (अधिकार्नी साहिली) ले लेखनाथ १३ तल्लो गगनगौडामा रहेको २ रोपनी १२ आना धानहर खेत संस्थाको लागि दान/बकस गर्नुभएको छ । संस्थाको चल सम्पत्ति लगभग साढे सात लाख (रु.७,५०,०००।-) भएको र त्यसमध्ये अधिकांश रकम वर्तमान समितिले व्याजमा ऋण दिएको र केही रकम कृषि विकास बैंक र एस.बि.आई बैंक पोखरामा बैंक व्यालेन्स रहेको छ भने केही रकम महायज्ञ -२०५७ को बोलचन्दा, ऋण सापटीको उठ्न बाँकी छ ।[ठज्ञ]

यस संस्थाको आध्यात्मिक विकासका लागि ले.न.पा. १३ जनचौतारा निवासी जीवनाथ तिवारीले २०३६सालमा ८ आना जग्गा दिनु भएको र सो जग्गा बिक्रीवितरण गरी रु. ६००००।- (साठी हजार) रुपैया प्राप्त भयो । यस्तै ले.न.पा १४ खोलाको छेउ निवासी ललिता दासी पोखेल र ले.न.पा १२ खुदी निवासी वन्दना अधिकारीले भूमिदान दिनु भएको जनश्रुति प्राप्त भएको छ तर सो जग्गा के कति हो भन्ने कुराको उल्लेख भने छैन । संस्थाकै लागि आर्थिक सहयोग निरन्तर रुपमा अगाडि बढ्दै आएको छ र सो सहयोग गुठीका रुपमा भन्ने आवद्ध छैन केवल भौतिक, निमार्ण र संस्था सञ्चालनमा खर्च भएको छ ।

संस्थाको आध्यात्मिक, आर्थिक, भौतिक विकास गर्नका लागि पर्याप्त आर्थिक श्रोतको रुपमा गुठीको आवश्यकता पर्ने कुरामा दुईमत हुन सक्दैन । यो संस्थाको आर्थिक व्यवस्थापनमा संस्थाको गुरु महाराजको समयदेखि नै त्यति सन्तोसजनक हुन सकेन । व्याजमा ऋण लगानी गर्दा तिर्नै आलटाल गर्ने र साँवा समेत हराउने सम्भावना यथावत छ । संस्थाको विकास गर्नको लागि "ज्ञानमहायज्ञ २०५७" सुसम्पन्न भयो । उक्त महायज्ञको समयमा बोलेको चन्दा रकम मध्ये रु ३,१६,९१९ ।- उठ्न सकेको छैन भने पर्याप्त गुठी (जमिन) भएपनि सिंचाइ र मानवीय श्रोतको अभावको कारणले गर्दा खेतीपातीबाट हुने आम्दानी न्यून रहेको छ । यस संस्थाको आर्थिक आयआर्जनको माध्यम भनेको चन्दा

६. मन्दिरका वर्तमान सचिव श्री रामचन्द्र सिग्देलसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

सहयोग, भेटी, व्याज सरकारी तथा गैह्र सरकारी संस्थाबाट अनुदान, भुमिदान आदि नै हुन् ।[७६] त्यसकारण यो संस्थाको स्थायी चल सम्पत्तिको श्रोत छैन केवल अकासे भरमा मात्र सञ्चालन हुँदै आएको छ । जसले गर्दा संस्था सञ्चालनमा निकै कठिनाई परेको देखिन्छ ।

## ३.१ राधाकृष्ण मन्दिर, शान्ति आश्रमको संरक्षणको लागि चालिएका कदमहरू

यस "श्री राधाकृष्ण मन्दिर शान्ति आश्रमको" एक विशुद्ध धार्मिक तथा सामाजिक चेतनामूलक संस्था हो । समसामयिक द्वन्द्वात्मक भौतिकवादमा जकडिएको परिवेशमा आध्यात्मिक तथा धार्मिक संघ संस्थाको संरक्षण र सम्बर्द्धन हुनु नितान्त आवश्यक छ । ज्ञान, विज्ञान र आध्यात्मिक, भौतिक चिन्तनको समन्वयात्मक स्वरुपविना मानवीय संस्कृति एवं सभ्यताको विकास हुन सक्दैन । समसामयिक परिवेशमा भौतिक विकासका लागि आध्यात्मिक चेतनाको सु-मार्ग अपनाइएको छ । धार्मिक आश्रयबाट बञ्चित भएका श्रद्धालु भक्तजनहरूको लागि धार्मिक आश्रय दिन संस्थाको संरक्षण र सम्बर्द्धन गर्ने दृष्टिकोणले संस्थाको नाममा लगभग ५१/५२ रोपनी जग्गा कित्ताकाँट भएको र २०४९ सालमा यो संस्था जिल्ला प्रशासन कार्यालय पोखरा कास्कीमा ८५/०४९ अनुसार दर्ता भएको छ । सर्वप्रथम संस्थापक आचार्य श्री द्वयबाट संस्था सञ्चालन, संरक्षण र सम्बर्द्धन हुँदै आएपनि २०४९ सालबाट जिल्ला प्रशासन कार्यालय, पोखरामा दर्ता भई समितिकै संरक्षकत्वमा संस्था सञ्चालन सम्बर्द्धन हुँदै आएको छ । २०५३ साल फाल्गुणमा हरिदास देवाचार्यको स्वर्गारोहण भएपछि यो संस्थाको संरक्षकत्व वहाँकै नातामा भानिज पर्ने पं. श्री थानेश्वर सखीशरण भण्डारीले सम्हाल्दै आउनु भएको थियो ।[७८] मन्दिरको दीर्घकालीन संरक्षण गर्ने हेतुले २०५७ साल मार्गशीर्ष ९ गते बालाचर्तुदशी देखि सीताविवाह पञ्चमी अर्थात् १७ गते सम्म चारवेद, आठारपुराण, पारायण, रुद्राभिषेक, गायत्री जप, श्री गोपाल महामन्त्रद्वारा लक्ष्हवन, वृहत धन-धान्याञ्चलद्वारा माता अन्नपूर्णको आराधानासहित श्री मद्भागवत पारायण समेत हुने विराट वैदिक विश्वशान्ति "ज्ञान महायज्ञ-२०५७" सम्पन्न भयो । अनन्त कृपासिन्धु प्रभु श्री राधाकृष्णको असीम अनुकम्पाबाट गोलोकबासी प्रातः स्मरणीय गुरुदेव अनन्त श्री विभूषित भगवतशरण देवाचार्यज्यू तथा वहाँकै स्वनामधन्य शिष्य गोलोकवासी सद्गुरु श्री १०८ हरिदास देवाचार्यज्यू जो राष्ट्रका विशिष्ट विभूतिहरूको आजीवन त्याग, तपस्या र समर्पणका साथै असख्य धर्मानुरागी सज्जन महानुभावहरूको सद्भावपूर्ण

७. मन्दिरका पूर्व सचिवबाट लिइएको अन्तर्वार्ता प्राप्त जानकारी ।
८. ज्ञानमहायज्ञ-२०५७ आयोजक मूल समारोह समितिबाट प्राप्त जानकारी ।

सहयोगबाट शुक्लागण्डकी तटवर्ती गण्डकी अञ्चल, कास्की जिल्ला, लेखनाथ - १३, तल्लो गगनगौडा श्यामघाटमा स्थापित श्री राधाकृष्ण मन्दिर शान्ति आश्रम अहिले सर्वत्रत्र सुपरिचित हुँदै गैरहेको छ । देवस्थलमा काञ्चीकामाकोटी पीठका पीठाधीश्वर जगत्गुरु शंकराचार्य श्री जयेन्द्र सरस्वती तथा वहाँका उत्तराधिकारी विजेन्द्र सरस्वतीज्यू समेतको विशिष्ट आचार्यहरूका साथै अन्य विशिष्ट साधु, सन्त र विद्वान् विदुषीहरूको आश्रममा आई भगवतदर्शन, पूजा-अर्चना र विशाल जनसमुदायलाई आशीर्वचन प्रदान गर्नु भएको ऐतिहासिक अवसरहरू यहाँका विशेष स्मणीय छन् । माछापुच्छ्रे र अन्नपूर्ण जस्ता विश्व चर्चित मनोहर हिमश्रृङ्खलाहरूको काखमा अवस्थित फेवा, रुपा, वेगनास जस्ता प्राकृतिक माताका दर्पण तुल्य स्वच्छ तालहरूको प्रसिद्धिले गरिमामय बनेको पर्यटकीय दृष्टिले विश्वप्रसिद्ध पोखरा उप-महानगरपालिकाको प्रवेशद्वारको रुपमा रहको यस पवित्र तीर्थस्थल “श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रम’ एक विशुद्ध धार्मिक संस्था हो ।

विश्वको एक मात्र हिन्दू राष्ट्र (तत्कालिन समयमा) कास्की जिल्ला ले.न.पा १३ मा विश्वकल्याण र विश्वशान्तिका लागि आयोजित यस ज्ञानमहायज्ञको सुसम्पन्ताका लागि २०५६ साल फाल्गुण ४ गते महायज्ञ मूल समारोह समिति गठन गर्न यसै मन्दिरमा बसेको विविध क्षैत्रसँग सम्बन्धित श्रद्धालु भक्तजन महानुभावहरूको विराट आमभेलाले श्री मुकुन्दशरण उपाध्यायज्यूको अध्यक्षतामा १००८ सदस्यीय ज्ञान महायज्ञ-२०५७ आयोजक मुल समारोहसमिति गठन गर्नुको साथै सोही भेलाले महायज्ञ आयोजक मुलसमारोह समितिका पदाधिकारीहरू र उपसमितिका संयोजकहरू रहनुभएको उक्त कार्य सम्पादन समिति समेत गठन गरेको थियो । हिन्दुत्वको व्यापक चेतना अभिवृद्धि गरी राष्ट्र कल्याण एवं विश्वशान्तिको कामना गर्दै आश्रमको संरक्षण, सम्बर्द्धन र विकास गर्ने समेत लक्ष्य राखेर नेपालको गौरव गरिमा बढाउन प्रत्यक्ष रुपले सहयोग हुनसक्ने यस ऐतिहासिक ज्ञान महायज्ञमा तन, मन र धन तथा अन्य हरप्रकारले सहयोग गरेर अनन्त पुण्यका भागी हुनुहुन सम्पूर्ण धर्मप्रेमी सज्जन महानुभावहरूमा आयोजक समितिद्वारा हार्दिक अनुरोध गरिएको थियो ।[ठद्ध]

९. ज्ञान महायज्ञ आयोजक मूल समारोह समितिबाट प्रकासित पत्रिकाबाट प्राप्त जानकारी ।

१. ज्ञान महायज्ञमा गरिएको दैनिक धार्मिक कार्यक्रम

पहिलो दिन :

२०५७ साल मार्गशीर्ष ९ गते पूर्ण कलस लिएका महिलाहरू, पारायण हुने ग्रन्थ बोकेका यजमानहरू, विभिन्न कीर्तनमण्डलीहरू, महायज्ञ आयोजक मूल समितिका पदाधिकारीहरू लगायत विभिन्न क्षेत्रसँग सम्बन्धित प्रतिष्ठित महानुभावहरू तथा सर्वसाधारण धर्मानुरागी भक्तजनहरू समावेश भएको एक भव्य शोभायात्राद्वारा शुक्लागण्डकीको दर्शन, त्यहाँबाट गंगाजल लिएर ग्राम परिक्रमा गरी यज्ञमण्डपमा प्रवेश भएको र विहान ९ बजेदेखि मण्डपपूजन, आराध्यदेवदेवीको स्थापना एवं अर्चना आदिको शुभारम्भ, अपरान्ह २ बजेदेखि श्रीमद्भागवत् महात्म्य कथा/प्रवचन र साँझ ५ बजे आरती तथा भजनकीर्तन सहित विश्राम लिएको थियो ।

द्रोश्रो दिन :

२०५७ मार्गशीर्ष १७ गते ७ बजेदेखि हवन शुभारम्भ ११:३० पूर्णाहुति तथा दानदक्षिणा र १२ बजेदेखि समापन समारोह, कीर्तनमण्डली शंखघोष, जयघोषद्वारा शुक्लागण्डकीमा फूल, प्रसाद विसर्जन पुनः यज्ञस्थलमा आई प्रसाद ग्रहण एवं यज्ञको पूर्ण विसर्जन भएको थियो ।

२. ज्ञान महायज्ञकार्यक्रमको मूल उद्देश्य

अनादिवैदिक हिन्दू सनातन धर्म नै सर्वप्राचीन धर्म हो र वर्तमान परिस्थितिमा अन्य विविध अवैदिक धर्महरूबाट हिन्दू धर्म आक्रमित भइरहेको सर्वविदितै छ । यस सन्दर्भमा मूलतः हिन्दू धर्मको व्यापक चेतना अभिवृद्धि गर्नुका साथै यज्ञभगवानको अनुकम्पाबाट प्रसाद स्वरुप संकलित अर्थराशिबाट गुरुकुल, धार्मिक पुस्तकालय, अतिथि निवास सत्संग भवन आदिको निमार्ण गरेर यस पावन देवस्थललाई आध्यात्मिक विकासमा विशेष योगदान दिन सक्ने, सम्पूर्ण राष्ट्रकै गौरव र शोभाका रुपमा विकसित हुन सक्ने कार्य गर्ने संकल्प आयोजक समितिले लिएको थियो ।

३. विशिष्ट आध्यात्मिक प्रवचन कार्यक्रम

प्रमुखवक्ता-श्रीमद्भागत एवं भक्ति दर्शनका मर्मज्ञ व्याख्याता अन्तराष्ट्रिय ख्याति प्राप्त विद्वान् आर्चाय श्री खेमराज केशवशरणज्यूबाट संकीर्तनमय भक्तिरसपूर्ण श्री मद्भागवतको विशिष्ट आध्यामीक प्रवचनको साथै यस ज्ञानमहायज्ञका संरक्षकज्यूहरू, अध्यक्षज्यू, लगायत हिन्दु धर्मावलम्वी विशिष्ट विद्वन्, सन्त, महन्त तथा अन्य विशिष्ट

महानुभावज्यूहरूबाट अठारपुराण, वेद, उपनिषद तथा अन्य धर्मशास्त्रमा आधारित कथा श्रवण गर्ने शुभावसर प्राप्त हुनु यस आयोजनाको विशेष आकर्षण रहेको थियो ।

४. विराट ज्ञानमहायज्ञमा आयोजना गरिएको विभिन्न अनुष्ठानहरूको कर्ता बन्ने प्रावधान

आत्म कल्याण, पारिवारिक सुख, शान्ति, समृद्धि तथा दीर्घायुका सार्थ पारलौकिक मुक्ति र पितृउद्धारका निम्ति सम्पन्न "विराट वैदिक विश्वशान्ति ज्ञानमहायज्ञ- २०५७" मा आयोजना गरिएको श्रीमद्भागवत महापुराण लगायत अन्य महपुराण, उपपुराण, एवं सामुहिक व्रतवन्ध, रुद्राभिषेक, लघुरुद्री आदि जस्ता विविध धार्मिक आनुष्ठानिक कार्यक्रमका सम्वन्धमा आयोजक समितिले तोकेको न्यूनतम रकम प्रदान गरी इच्छुक महानुभावहरूले व्यक्तिगत रुपमा यजमान (कर्ता) बनि कुनै पनि धार्मिक आनुष्ठानिक कार्यक्रमहरूमा सहभागी हुन ज्ञान महायज्ञको कार्यालयमा सम्पर्क गर्नको निमित्त आयोजक विनम्र अनुरोध गरेको थियो ।

५. सहयोगका लागि आवश्यक कार्यक्रमहरू

माथि उल्लेखित अनुष्ठानहरूमध्ये आफू नै कर्ता बनि व्यक्तिगत रुपमा सहभागी भई सम्पन्न गर्न चाहने श्रद्धालुहरूले कर्ता बन्न चाहेको अनुष्ठान तोकिए बमोजिमको रकम प्रदान गरी वा निष्काम भावले यज्ञका सबै अनुष्ठानहरूमा यथासक्य सहयोग गर्न तथा यज्ञस्थलमा निर्माण गरिने कार्यमा सहयोग पुऱ्याउने चाहने महानुभावहरूबाट विराट वैदिक विश्वशान्ति "ज्ञानमहायज्ञ२०५७" द्वारा सञ्चालित एस. वी. आइ. बैक भण्डारडीक शाखाको ब.हि.नं.१२८३ र श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको कृषि विकास बैंक, बैङ्किक कार्यालयको बचत खाता नं. ८१९३ मा जम्मा गरिने प्रावधानका साथै महायज्ञको चन्दा रसिदमा प्रत्यक्ष सहयोग वा कार्यालयमा सम्पर्क गरी तथा अन्य हरप्रकारको सहयोग पुऱ्याइ यस महायज्ञलाई सफल तुल्याउन आयोजक समितिले हार्दिक अनुरोध गरेको थियो । यसका अतिरिक्त जिन्सी (चामल, दाल, धोती, ध्यू, तेल, चिनी, मिश्री च्यादर, कम्बल, दूध, गहुँ आदि तथा लक्षवर्ती र यसका लागि चाहिने आवश्यक सामग्रीहरू एवं पूजा सामाग्री पनि सहयोग गर्न सकिने व्याख्या गरिएको थियो ।

६. आय-व्यय विवरणको कार्यक्रम

ज्ञानमहायज्ञ सम्पन्न पश्चात् संकलित नगद एवं जिन्सीको आयव्यय विवरण पारदर्शी गरिनुको साथै स्थानीय एवं राष्ट्रिय पत्रपत्रिका समेत सार्वजनिक गरिने समेत व्यवस्था गरिएको थियो ।

७. सहयोग समिति गठनको कार्यक्रम

अधिराज्यव्यापी तथा देशबाहिर समेत विभिन्न जिल्ला नगर, गाउँ, टोलस्तरीय रुपमा आवश्यकता अनुसार सहयोग समिति गठन गरिने कार्यक्रम रहेको थियो ।

८. सहयोग प्रदान गर्ने महानुभावहरूलाई सम्मान गर्ने कार्यक्रम

यस ज्ञानमहायज्ञमा आर्थिक सहयोग प्रदान गर्नुहुने महानुभावहरूलाई निम्न अनुसार सम्मान गरिने कार्यक्रम राखिएको थियो ।

- रु.५०१।- वा सो भन्दा बढी दान गर्ने दाताहरूलाई रसिद प्रदान गरिने ।
- रु.१,००१।- वा सो भन्दा बढी दान गर्ने दाताहरूलाई प्रमाणपत्र प्रदान गर्ने ।
- रु. ५,००१।- वा सोभन्दा बढी दान गर्ने दाताहरूलाई प्रमाण पत्र सहित दाताको नाम सिंगमर्मरमा लेखी दोसल्ला अढाउने ।
- रु. १०,००१।- वा सोभन्दा बढी दान गर्ने दाताहरूलाई तीन पूस्ताको नाम सिंगमर्मरमा लेखिने र प्रमाणपत्र सहित दोसल्ला ओढाई सम्मान गरिने ।
- रु. ६०,००१।- वा सो भन्दा बढी दान गर्ने दाताहरूलाई प्रमाणपत्र सहित तीनपुस्ताको नाम सिंगर्ममरमा लेखी श्रीमान/श्रीमती फोटो टाँस्ने र प्रमाणपत्र सहित दोसल्ला ओढाई सम्मान गरिने ।
- रु. १,००,००१।- वा सोभन्दा बढी दान गर्ने दाताहरूको तीन पुस्ताको नाम एउटा छुट्टै कोठामा सिंगर्ममरमा लेखी श्रीमान्/श्रीमतीको फोटो टाँस्ने प्रमाणपत्र सहित दोसल्ला ओढाई सम्मान गरिने ।
- रु २,५०,०००।- वा सो भन्दा बढी दान गर्ने दाताहरूलाई प्रमाणपत्र सहित दोसल्ला ओढाई सम्मान गरिने ।

९. कार्यसम्पादन समितिको गठन

यस ज्ञानमहायज्ञको सुव्यवस्थापन र सुसम्पन्नताका लागि मूल आयोजक समितिबाट एक कार्य सम्पादन समिति गठन गरिएको थियो । उक्त समिति तपसिल बमोजिम छ ।

संरक्षक : श्रोत्रीय ब्रह्मनिष्ठ सन्तशिरोमणि श्रद्धेय श्री १००८ स्वमी डा. रामानन्द गिरीजी महाराज, महेश सन्यास आश्रम, देवघाट

संरक्षक: क्षेत्रिय ब्रह्मनिष्ठ सन्तशिरोमणि श्रद्धेय श्री १००८ स्वांमी आत्मानन्द गिरीजी महाराज, पीठाधीस गलेश्वर सन्यास आश्रम, देवघाट ।

| | |
|---|---|
| संरक्षक : | सम्माननीय श्री स्वामी डा. प्रपन्नाचार्यज्यू, पूर्व सदस्य राजसभा स्थायी समिति |
| संरक्षक : | क्षेत्रीय ब्रह्मनिष्ठ सन्तशिरोमणि श्रद्धेय श्री १००८ स्वामी ज्ञानानन्द गिरिजी महाराज, पीठाधिस हरिहर सन्यास आश्रम, देवघाट । |
| संरक्षक : | श्री १००८ तुलसीशरण देवजी महाराज, महन्त श्री राधाकृष्ण मन्दिर, प्रतीक वृन्दावन, गैडाकोट । |
| संरक्षक : | श्री वाचनशिरोमणि नारायणप्रसाद पोखेल, अध्यक्षः विश्वहिन्दु महासंघ राष्ट्रिय समिति नेपाल । |
| संरक्षक : | प्रा.श्री हरिशरण उपाध्याय, गैडाकोट । |
| संरक्षक : | महन्त श्री १०८ गोपालशरण देवजी महाराज, नेपाल निम्बाकपीठ, केलादीघाट, स्याङ्जा |
| संरक्षक : | बालसन्त श्री १०८ मोहनशरणदेव चतराधाम, पीठाधीश । |
| अध्यक्ष : | मुकुन्दशरण उपाध्याय, श्री राधाकृष्ण शान्ति आश्रम तथा सनातन धर्म समिति, नेपाल । |

| | | |
|---|---|---|
| सहअध्यक्ष | श्री चक्रपाणि पौडेल | लेखनाथ-१२ |
| उपाध्यक्ष | श्री नन्दप्रसाद अधिकारी | लेखनाथ-११ |
| महसचिव | श्री मातृकाप्रसाद सिग्देल | पो.उ.न.पा. ९ |
| सचिव | श्री रामचन्द्र सिग्देल | लेखनाथ -१३ |
| सह-सचिव | श्री श्रीप्रसाद पन्थी | लेखनाथ -१३ |
| सह-सचिव | श्री घनश्याम खनाल | लेखनाथ - १३ |
| सह-सचिव | श्री हश्चिन्द्र “पागल” अधिकारी | लेखनाथ-१३ |
| कोषाध्यक्ष | श्री भक्तबहादुर बस्नेत | लेखनाथ-१३ |
| कोषाध्यक्ष | श्री जगन्नाथ पगेनी | लेखनाथ-१२ |
| सदस्य | श्री प्रकाशचन्द पागल | लेखनाथ-१३ |
| सदस्य | श्री भोजराज भण्डारी | लेखनाथ-१३ |
| सदस्य | श्री हिरामणि सुवेदी | लेखनाथ-१३ |
| सदस्य | श्री पं. श्री लक्ष्मीशरण उपाध्याय | हेम्जा |

| | | |
|---|---|---|
| सदस्य | श्री मित्रलाल लामिछाने | लेखनाथ-१२ |
| सल्लाहकार | श्री अच्युतप्रसाद सिग्देल | लेखनाथ-१३ |

१०. वरिष्ठ सल्लाहकार

| | | |
|---|---|---|
| १ | सम्माननीय सभामुख | श्री तारानाथ रानाभाट |
| २ | माननीय श्रम राज्यमन्त्री | श्री रामचन्द्र पोखरेल |
| ३ | माननीय श्रम राज्यमन्त्री | श्री राम्बहादुर गुरुङ्ग |
| ४ | माननीय महिला तथा समाजकल्याण मन्त्री | श्रीमती कमला पन्त |
| ५ | माननीय सांसद | श्री महादेव गुरुङ्ग |
| ६ | माननीय सांसद | श्री गोविन्दराज जोशी |
| ७ | माननीय सांसद | श्री प्रकाश बहादुर गुरुङ्ग |
| ८ | माननीय सांसद | श्री शुक्रराज शर्मा |
| ९ | माननीय सांसद | श्री गोपालमान श्रेष्ठ |
| १० | माननीय सांसद | श्री शंकर पाण्डे |
| ११ | माननीय सांसद | श्री हितकाजी गुरुङ्ग |
| १२ | माननीय सांसद | श्री टुकराज सिग्देल |
| १३ | माननीय सांसद | श्री नारायण सिंह पुन |
| १४ | माननीय सांसद | श्री हरिभक्त अधिकारी |
| १५ | माननीय सांसद | श्री चिरञ्जिवी वाग्ले |
| १६ | माननीय सांसद | श्री पाल्टेङ गुरुङ्ग |
| १७ | माननीय सांसद | श्री राजेश्वर देवकोटा |
| १८ | माननीय सांसद | श्री डा.पुरुषोत्तम बास्कोटा[ठछ] |

११. सल्लाहकार

| | | |
|---|---|---|
| १ | भू.पु. मन्त्री श्री नरहरि आर्चाय | तनहुँ |
| २ | भू.पु. राज्यमन्त्री श्री हरिप्रसाद पाण्डे | कास्की |
| ३ | भू.पु. मन्त्री श्री भद्र शर्मा | तनहुँ |
| ४ | भू.पु. रा.मन्त्री श्री तुलवहादुर गुरुङ्ग | कास्की |

१०. ज्ञान महायज्ञ कार्य सम्पादन समितिका सचिवबाट प्राप्त जानकारी ।

| | | |
|---|---|---|
| ५ | भू.पु. रा. मन्त्री श्री गणेश शेरचन | कास्की |
| ६ | भू.पु. रा. मन्त्री श्री दिनवन्धु अर्याल | स्याङ्गजा |
| ७ | भू.पु. रा. मन्त्री श्री उत्तमबहादुर पुन | कास्की |
| ८ | भू.पु. सांसद श्री नरबहादुर गुरुङ्ग | तनहुँ |
| ९ | भू.पु.रा.मन्त्री श्री अमरराज कैनी | तनहुँ |
| १० | भू.पु. सांसद श्री कृष्णबहादुर गुरुङ्ग | कास्की |
| ११ | भू.पु. मन्त्री श्री राधेश्याम कमारो | कास्की |
| १२ | भू.पु. सांसद श्री सोमनाथ अधिकारी“प्यासी” | कास्की |
| १३ | भू.पु. सांसद श्रीमती मैयादेवी श्रेष्ठ | चितवन |
| १४ | भू.पु. सांसद श्री जनकराज चालिसे | कास्की |
| १५ | भू.पु. सांसद श्री लक्ष्यबहादुर गुरुङ्ग | कास्की |
| १६ | भू.पु. सांसद श्री देवीरमण न्यौपाने | कास्की |
| १७ | भू.पु. सांसद श्री खगराज अधिकारी | कास्की |
| १८ | भू.पु. सांसद श्री किरण गुरुङ्ग | तनहुँ |
| १९ | भू.प. सांसद श्री बलराम उपाध्याय | कास्की |
| २० | श्रीमान रामप्रसाद श्रेष्ठ | माननीय न्यायधीस, पुनरावेदन अदालत |
| २१ | श्री गणेशबहादुर गुरुङ्ग | माननीय राजपरिषद सदस्य |
| २२ | श्री निर्देशक | पश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशक, पोखरा |
| २३ | श्री पुण्यप्रसाद पौडेल | सभापति जि.वि.स कास्की |
| २४ | श्री सुवर्णलाल श्रेष्ठ | प्र.जि.अ. कास्की |
| २५ | श्री योगेन्द्रबहादुर वस्नेत | जि.शि.अ. कास्की |
| २६ | श्री प्रकाश वहादुर बस्नेत | बाहिनीपति नं. ३ विजयपुर ब्यारेक |
| २७ | श्री रविकान्त अर्याल | प्रहरी नायक महानिरिक्षक, प.क्षे.का. |
| २८ | श्री सभापति | जि.वि.स का . तनहुँ |
| २९ | श्री सभापति | जि.स.स.का. स्याङ्गजा |
| ३० | श्री सभापति | जि.वि.स.का मनाङ |
| ३१ | श्री सभापति | जि.वि.स.का गोरखा |
| ३२ | श्री सभापति | जि.वि.स.का लमजुङ्ग |

| | | |
|---|---|---|
| ३३ | श्री सभापति | प्रमुख पो.उ.म.न.पा |
| ३४ | श्री शालिकराम पौडेल | प्रमुख ले.न.पा |
| ३५ | श्री ध्रुव वाग्ले | प्रमुख व्यास, न.पा. दमौली, तनहुँ |
| ३६ | श्री प्रमुख | पुतली बजार नगरपालिका, स्याङ्गजा |
| ३७ | श्री प्रमुख | वालिङ नगरपालिका, स्याङजा |
| ३९ | श्री प्रमुख | पृथ्वीनारायण नगरपालिका, गोरखा |
| ४० | श्री प्रकाशमान गुभाजु | रजिष्टार पो.वि.वि. पोखरा |
| ४१ | श्री लिलाभक्त आचार्य | उपाध्यक्ष, विश्व हिन्दू महासंघ, केन्द्रिय कार्यालय |
| ४२ | श्री स्वामी जनार्दनाचार्य | महन्त, श्री लक्ष्मीनारयण मन्दिर, देवघाट |
| ४३ | श्री रुक्मिणीशरण उपाध्याय | महन्त, श्री राधाकृष्ण भजनग्राम, देवघाट |
| ४४ | श्री लक्ष्मीशरण पौडेल | महन्त श्री राधाकृष्ण मन्दिर , देवघाट |
| ४५ | श्री छविरमण उपाध्याय | व्यवस्थापक श्री राधादामोदर मन्दिर, केलादी |
| ४६ | श्री हरिशरण उपाध्याय | व्यावस्थापकः श्री राधाकृष्ण मन्दिर, त्रिवेणी |
| ४७ | श्री रविन्द्र मकाजु | राष्ट्रिय उपाध्यक्षः सनातन धर्म सेवा समिति |
| ४८ | श्री भिमराज रेग्मी | सदस्य, मुक्तिनाथ क्षेत्र विकास समिति |
| ४९ | श्री हेमबहादुर प्रधान | अध्यक्ष, विन्ध्यवासिनी विकास समिति पोखरा |
| ५० | श्री सप्त बहादुर थापा | अध्यक्ष, गीता मन्दिर, पोखरा |
| ५१ | श्री अच्युतराज रेग्मी | संरक्षक, अध्यक्ष, विश्व हिन्दु महासंघ |
| ५२ | श्री विद्यादेवी राणा | संरक्षक, टंगाल मन्दिर, काठमाण्डौ |
| ५३ | श्री प्रदिप कुमार श्रेष्ठ | अध्यक्ष, नेपाल उद्योग वाणिज्य संघ, काठमाण्डौ |
| ५४ | श्री आनन्दराज मुल्मी | निवर्तमान अध्यक्ष, नेपाल उद्योग माहावाणिज्य संघ काठमाण्डौ |
| ५५ | श्री पद्मज्योती | पूर्वाध्यक्ष, नेपाल उद्योग महावणिज्य संघ, काठमाण्डौ |

| | | |
|---|---|---|
| ५६ | श्री विनोद चौधरी | पूर्वाध्यक्ष, नेपाल उद्योग महावाणिज्य संघ, काठमाण्डौ |
| ५७ | श्री लेखतमान गुभाजु | अध्यक्ष, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरा |
| ५८ | श्री सुन्दरकुमार श्रेष्ठ | अध्यक्ष, क्षेत्रीय होटल संघ, पोखरा |
| ५९ | श्री डा. यादव प्रसाद पन्त | डिष्ट्रिक्ट गमर्नर, ३२५ बी नेपाल |
| ६० | श्री मेजर दिवक बहादुर गुरुङ्ग | अध्यक्ष भू.पु. सैनिक संघ |
| ६१ | श्री पदमबहादुर गुरुङ्ग | अध्यक्ष, भू.पु. सैनिक संघ |
| ६२ | श्री शंकर देवकोटा | सुकुम्बासी आयोग, कास्की |
| ६३ | श्री चन्द्रकृष्ण कर्माचार्य | अध्यक्ष, लेखनाथ उद्योग वाणिज्य संघ, ले.न.पा |
| ६४ | श्री बसन्त उदास | अध्यक्ष, उद्योग वाणिज्य संघ, पोखरा |
| ६५ | श्री अध्यक्ष | तनहुँ, उद्योग वाणिज्य संघ |
| ६६ | श्री अध्यक्ष | स्याङ्जा उद्योग वाणिज्य संघ |
| ६७ | श्री महेन्द्रभूषण थापा | प्रमुख, पृथ्वीनारायण क्याम्पस, पोखरा |
| ६८ | श्री अशोक पालिखे | अध्यक्ष, नगरविकास समिति, पोखरा |
| ६९ | श्री डा. छविलाल भट्टराई | प्रमुख, दुग्ध विकाश, आयोजना, पोखरा |
| ७० | श्री अशोक पालिखे | अध्यक्ष, नगरविकास समिति, पोखरा |
| ७१ | श्री के.वाई भी. के मोहन | भारतीय राजदुतावास, पोखरा |
| ७२ | श्री डि.के डोगरा | प्रमुख, मणिपाल कलेज, पोखरा |
| ७३ | श्री हुलासचन्द्र गोल्छा | वरिष्ठ उद्योगपति, काठमाण्डौ |
| ७४ | श्री मथुरा श्रेष्ठ | पो.उ.म.न.पा. |
| ७५ | श्री गणेश वहादुर श्रेष्ठ | उद्योगपति, पोखरा |
| ७६ | श्री सूर्यबहादुर के.सी. | उद्योगपति, पोखरा |
| ७७ | श्री फणिन्द्रमान श्रेष्ठ | उद्योगपति, पोखरा |
| ७८ | श्री शुशील गोशली | उद्योगपति, पोखरा |
| ७९ | श्री महेन्द्रबहादुर कार्की | उद्योगपति, पोखरा |
| ८० | श्री ऋषि सापकोटा | उद्योगपति, पोखरा |

| | | |
|---|---|---|
| ८१ | श्री कर्णेल मदन के.सी | ले.न.पा-१२ |
| ८२ | श्री पुष्पा आर्चाय | गैडाकोट |
| ८३ | श्री सूर्यमोहन भट्टराई | ले.न.पा ३ |
| ८४ | श्री खगेश्वर शरण | महन्त श्री शंखमूल, काठमाण्डौ |
| ८५ | श्री होमनाथ खनाल | प्रमुख आवास, तथा शहरी विकास आयोजना |
| ८६ | श्री प्रमुख | कर कार्यालय, पोखरा |
| ८७ | श्री प्रमुख अधिकृत | मालपोत कार्यालय, कास्की |
| ८८ | श्री अध्यक्ष | पृथ्वीराजमार्ग यातायात समिति, पोखरा |
| ८९ | श्री अध्यक्ष | स्थानीय मिनिबस व्यावसायी समिति, पोखरा |
| ९० | श्री अध्यक्ष | बेगनास बस व्यवसायी समिति ले.न.पा |
| ९१ | श्री अध्यक्ष | गण्डकी ट्रक व्यावसायी समिति, पोखरा |
| ९२ | श्री कमल बराल | प्रमुख श्री भानुभक्त व. क्या. खैरेनीटार तनहुँ |
| ९३ | श्री दुर्गालाल पण्डित | प्र.अ. श्री ब्रह्मरुपा उ.मा.वि. जनचौतारा, कास्की |
| ९४ | श्री कृष्ण प्रसाद पौडेल | प्र.अ. श्री जनकल्याण उ.मा.वि भण्डारढिक, कास्की |
| ९५ | श्री हरिप्रसाद अधिकारी | प्र.अ. श्री भवानीकालिका उ.मा.वि. विजयपूर,कास्की |
| ९६ | श्री गोविन्द बस्नेत | प्र.अ. श्री गोगन मा.वि. गगनगौडा, कास्की |
| ९७ | श्री सूर्यनाथ शर्मा | प्र.अ. लक्ष्मी आदर्श मा.वि शिशुवा, कास्की |
| ९८ | श्री खेमराज खनाल | प्र.अ. हंशबाहिनी मा.वि. एक्लेखेत,तनहुँ |
| ९९ | श्री भोजराज दुङ्गाना | प्र.अ. श्री लक्ष्मी मा.वि. अर्घौ, कास्की |
| १०० | श्री मित्रलाल सापकोटा | प्र.अं श्री त्रिभुवन शान्ति मा.वि. खुदी, कास्की |
| १०१ | श्री अध्यक्ष | राधाकृष्ण मन्दिर सहेंला |
| १०२ | श्री अध्यक्ष | गोरखनाथ संचलक समिति |

| | | |
|---|---|---|
| १०३ | श्री अध्यक्ष | उमामहेश्वर व्यवस्थापन समिति |
| १०४ | श्री अध्यक्ष | मानव धर्म सेवा समिति, तुलसीघाट |
| १०५ | श्री अध्यक्ष | ले.न.पा.का उपप्रमुख लगायत सबै वडाका अध्यक्षज्यूहरू |
| १०६ | श्री अध्यक्ष | ले.न.पा. भित्रका विभिन्न संघ संस्थाका अध्यक्ष तथा संयोजकहरू[११] |

मूल श्री राधाकृष्ण मन्दिर र अन्य देवीदेवताका मन्दिरहरूलाई संस्था संरक्षणका लागि भित्री र बाहिरी कम्पाउण्ड गरिएको छ । यो संस्था संरक्षणका लागि धार्मिक चेतनामूलक कार्यक्रमहरू विभिन्न पर्व र उत्सवहरूमा गरिदै आएको छ । संस्थालाई दीर्घकालिन रुपमा संरक्षकत्व प्रदान गर्न धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने उद्देश्य धार्मिक संस्थाले लिएको छ । जसअनुसार वृद्धवृद्धाश्रम निमार्ण गर्ने, धार्मिक र सामाजिक सेवामा विशिष्ट योगदानज दिने विद्वान् महानुभावहरूलाई पुरस्कृत र सम्मान गर्दै जाने, वृक्षारोपण गर्ने, शुक्लागण्डकीमा जानका लागि पक्कीबाटो निमार्ण गर्ने, धार्मिक र सामाजिक सेवामा विशिष्ट योगदान दिने विद्वान् महानुभावहरूलाई पुरस्कृत र सम्मान गर्दै जाने, वृक्षारोपण गर्ने र सामाजिक यज्ञानुष्ठान, विवाह व्रतवन्ध र अन्य कार्यहरूको लागि सत्संङ्ग भवन निमार्ण गर्ने, आधुनिक धार्मिक पुस्तकालय निमार्ण गर्ने, सबै आधुनिक विषयहरू समावेश भएको संस्कृत विद्यापीठ निमार्ण गर्ने उद्देश्य संस्थाले लिएको छ । यी कार्यहरू संस्थालाई संरक्षकत्व प्रदान गर्ने मुख्य आधार हुन् ।[१२]

२०४९ सालदेखि २०५९ सालसम्म तदर्थ समितिकै संरक्षकत्व र सञ्चालनमा रहेको यो संस्था २०५९ साल भाद्र १५ गतेको महाधिवेशनले नयाँ १९ सदस्यीय कार्यसमिति गठन गऱ्यो । यस समितिले संस्थाको संरक्षण र सम्बर्द्धन गर्दै आएको छ ।

महाधिवेशनबाट गठित १९ सदस्यीय कार्यसमिति नामावली निम्नअनुसार रहेको छ ।

| | | | |
|---|---|---|---|
| १ | अध्यक्ष श्री मुकुन्दशरण उपाध्याय | १० | सदस्य श्रीमती भक्ति अधिकारी |
| २ | उपाध्यक्ष श्री बद्रिनाथ पराजुली | ११ | सदस्य श्रीमती हरिमाया सिग्देल |
| ३ | उपाध्यक्ष श्री मातृका प्रसाद सिग्देल | १२ | सदस्य श्री दिव्यरमण अर्याल |
| ४ | कोषाध्यक्ष श्री कृष्ण प्रसाद अधिकारी | १३ | सदस्य श्री लक्ष्मीशरण उपाध्याय |

११. ज्ञान महायज्ञ आयोजक मूल समारोह समितिबाट प्राप्त जानकारी ।
१२. संस्थाका प्रमुख संरक्षक तथा महन्त श्री थानेश्वर सखीशरण भण्डारीबाट प्राप्त जानकारी ।

५ महासचिव श्री रामचन्द्र सिग्देल

६ सदस्य श्री केशवराज पौडेल

७ सदस्य श्री खीमबहादुर खत्री

८ सदस्य श्री घनश्याम खनाल

९ सदस्य श्री भक्तबहादुर बस्नेत

१४ सदस्य श्री बासुदेवशरण घिमिरे

१५ सदस्य श्री नन्दप्रसाद अधिकारी

१६ सदस्य श्री हरिश्चन्द्र अधिकारी

१७ सदस्य श्री क्षेत्रबहादुर बोहोरा

१८ सदस्य श्री माधवप्रसाद खनाल

१९ सदस्य श्री विष्णु पोखेल

२० प्रमुख संरक्षक तथा महन्त
श्री थानेश्वर सखीशरण भण्डारी[ठड]

२०५९ साल भाद्र १५ गतेको संस्थाको महासमितिको महाधिवेशनबाट गठित यस समितिको महाधिवेशनवाट गठित यस समितिले २०६४ फाल्गुणसम्म संस्थाको संरक्षण, सम्बर्द्धन र विकास गरी अगाडि बढाउने कार्यमा तदारुकताका साथ अत्यन्तै निष्ठापूर्वक आफ्नो जिम्मेवारी बहन गर्ने कार्यमा पछि परेन । यस अबधिमा मन्दिरमा विभिन्न धार्मिक पूर्व तथा उत्सवहरूमा भजनकीर्तन गरिनुको साथै धार्मिक यज्ञानुष्ठान गर्ने कार्यहरू भए । संस्थाको संविधान २०६४ को संशोधित विधानपछि महाधिवेशनबाट निर्वाचित १५ सदस्यीय प्रवन्ध मूल समिति गठन गरेको थियो ।

जुन समितिको नामावली देहायवमोजीम रहेको छ ।[ठढ]

१ अध्यक्ष श्री मातृका प्रसाद सिग्देल

२ उपाध्यक्ष श्री लेखनाथ घिमिरे

३ उपाध्यक्ष श्री नन्दप्रसाद अधिकारी

४ कोषाध्यक्ष श्री घनश्याम खनाल

५ सदस्य श्री भक्त बहादुर वस्नेत

६ सदस्य श्री मोहनप्रसाद पन्थी

७ सदस्य श्री चन्द्रवहादुर क्षेत्री

८ सदस्य श्रीमती भक्ति अधिकारी

९ सदस्य श्री माधवप्रसाद खनाल

१० सदस्य श्री इश्वरीशरण त्रिपाठी

११ सदस्य श्री दिव्यरमण अर्याल

---

१३. स्थानीय वासिन्दा श्री केशवराज पौडेलसँग लिइएको अर्न्तवार्ता ।

१४. संस्थाको प्रबन्ध मुल समितिका उपाध्यक्ष श्री नन्द प्रसाद अधिकारीसँग लिइएको भेटवार्ताबाट जानकारी ।

१२ सदस्य श्री गोपालदासी ढकाल

१३ सदस्य श्री बसुन्धरा पाठक

१४ सदस्य श्री ज्ञानप्रसाद भण्डारी

१५ सदस्य सचिव श्री रामचन्द्र सिग्देल

यस समितिमा गठित समयदेखि वर्तमान समयसम्म संस्थाको संरक्षण र संवर्द्धन गर्दै आएको छ । श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रम विशुद्ध दर्तावाल धार्मिक संस्था हो । यस संस्थामा आश्रय लिन चाहनु हुने धर्मावलम्वीहरूलाई आश्रम बनाई बसोवास गर्नका लागि व्यवस्थित जग्गा निःशुल्क रुपमा उपलव्ध गराउने व्यवस्था रहेको छ । अनि आफ्नै लगानीमा आश्रम बनाउनु पर्दछ । दीर्घकालीन रुपमा वृद्धाश्रमको निर्माण गर्ने अवधारणा संस्थाले राखे पनि आर्थिक अभाव र मानवीय श्रोत साधनको कमीले पूरा हुनसकेको छैन ।[डण] यसै समिति मार्फत् महायज्ञ-२०५७ मा बोलचाल चन्दाका रुपमा नउठेका अधिकांश रकम उठाउनुका साथै संस्थामा पक्की यज्ञशाला, खानेपानी टंकी, गौशाला, हनुमान, शिव, गरुड, तथा अतिथि निवास, नदीमा जाने बाटो, बाहिरी कम्पाउण्ड आदि निमार्ण कार्यहरू भएका छन् ।

उक्त समितिले धार्मिक, सामाजिक क्षेत्रसँग सम्वन्धित विशिष्ट सन्त, महन्त, बुद्धिजीविहरू मध्येबाट बढिमा २५ जना रहनेगरी एक संरक्ष्क परिषद र सल्लाकार परिषद गठन गरेको देखिन्छ ।[डज्ञ]

१ प्रमुख संरक्षक - श्री सखीशरण भण्डारी महन्त श्री राधकृष्ण मन्दिर, शान्ति आश्रम ले.न.पा.१३

२ संरक्षकः श्री १०८ गोपाल शरण देवजीमहाराज - केलदीघाट स्याङ्गजा

३ संरक्षकः प्रा.श्री हरिशण देवजीमहाराज - प्रतीक वृन्दावन गैडाकोट

४ संरक्षकः आचार्य श्री खेमराज केशवशरण, अध्यक्ष-श्रीशरण गति आश्रम देवघाट चितवन

५ संरक्षकः आचार्य श्री मोहनशरण देवजी महाशरणम क्षेत्र, चतराधाम पीठाधीरश्वर, सुनसरी

६ संरक्षकः श्री रुक्मिणी शरणदेवजी -देवघाट राधाकृष्ण भजनाश्रम

७ संरक्षकः श्री लक्ष्मीशरण देव- देवघाट राधाकृष्ण मन्दिर

१५ँ प्रबन्ध मूल समितिका सदस्य श्री माधवप्रसाद खनालबाट प्राप्त जानकारी ।
१६. प्रबन्ध समितिका सचिव श्री रामचन्द्र सिग्देलबाट प्राप्त जानकारी ।

८ संरक्षक: श्री सक्मिणी शरणदेव- राधामाधत मन्दिर हुँगीघाट, स्याङ्गजा

९ संरक्षक: श्री हरिशरण उपाध्याय राधाकृष्ण मन्दिर, त्रिवेणी

१० संरक्षक: श्री १००८ रामानन्द गिरीजी महारज महष सन्यास आश्रम, देवघाट

११ संरक्षक: श्री १००८ स्वामी आत्मानन्द गिरीजी महाराज, हरिहर सन्यास आश्रम देवघाट

१२ संरक्षक वैष्णव परिषद् नेपालका अध्यक्ष

१३ पं. श्री नारायणप्रसाद पोखेल, अध्यक्ष, विश्वहिन्दू महासंघ, नेपाल

१४ श्री मुकुन्दशरण उपाध्याय, अध्यक्ष राष्ट्रिय सनातन धर्म सेवा धर्मसेवा समिति, नेपाल

सल्लाकार

१ सल्लाकार श्री चक्रपाणि पौडेल

२ सल्लाकार श्री शंकर बहादुर के.सी

३ सल्लाकार श्री गजेन्द्र के.सी

४ सल्लाकार श्री शालिकराम पौडेल

५ सल्लाकार श्री भवानी बास्तोला

६ सल्लाकार श्री हीरामणि सुवेदी

७ सल्लाकार श्री हीरामणि भण्डारी

८ ज्यो. पं. श्री पिताम्वर शर्मा पौडेल

९ श्री भीमराज रेग्मी

१० श्रीमती विष्णु दासी उपाध्याय

११ श्री रामहरि भण्डारी

१२ श्री जीवननाथ तिवारी

१३ श्री विष्णु पोखरेल [ड्ड]

---

१७. ज्ञानमहायज्ञ २०५७ बाट प्रकाशित पत्रिकाबाट प्राप्त जानकारी ।

# परिच्छेदः चार

## ४. श्री राधाकृष्ण मन्दिरको वातावरणीय प्रभाव

श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमले स्थापनाकालदेखि नै त्यहाँको वातवारणमा सकारात्मक प्रभाव पारेको देखिन्छ । यस क्षेत्रमा परोपकार, उज्ज्वल, कालिका, स्कुलटोल, लामेआहाल आमा समूहहरू र प्रगतिशील बन उपभोक्ता समितिको सहयोगमा वातावरणमा नकारात्मक प्रभाव पर्न नदिन वृक्षारोपण कार्यक्रमलाई अगाडि बढाएको पाइन्छ । यस मन्दिरको आसपास क्षेत्रमा ब्राह्मण, क्षेत्री, गुरुङ्ग, मगर र दलित वस्ती रहेको छ । त्यस क्षेत्रमा विशेष गरि बाह्मण बस्ती कम भएपनि धार्मिक नीतिनियम पालनामा मानवोचित व्यवहार, विश्वबन्धुत्वको भावना, अहिसां, शान्ति, चरित्रवान, कर्तव्यपरायण नागरिक उत्पादन गरी पर्यावरणीय स्वरुपमा नकारात्मक प्रभाव पर्न नदिन संस्थाले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । संस्थाकै पहलमा लेखनाथ १३ तल्लो गगनगौडा स्थित लामेआहाल, मजुवा, छुची जस्ता ठाँउहरूमा सामुदायिक वन उपभोक्ता समितिहरूले त्यहाँको प्राकृतिक वनस्पति, वन्यजन्तु र लोपोन्मुख जडीबुटी आदिको संरक्षण र सम्बर्द्धनमा ठूलो टेवा पुगेको छ । मन्दिरका भक्तहरूको प्रयासमा संस्थाको आसपासमा मानवबस्तीहरूमा एक घर, एक चर्पीको निमार्ण कार्य अभियानकै रुपमा सञ्चालन भई वातावरणलाई स्वच्छ सफा राख्नमा ठूलो मद्दत पुग्न गएको छ । वृक्षारोपणको कार्यलाई निकै सशक्त रुपले सञ्चालन गरिएको छ । यसबाट भू-क्षय र बाढीपहिरो रोकथाममा र पर्यावरणीय सन्तुलनमा कायम राख्न ठूलो सहयोग पुग्न गएको छ । यहाँको स्थानीय वासिन्दाहरूमा वातावरण सम्वन्धी जनचेतना फैलाउनमा यस श्री राधाकृष्ण मन्दिरले थप उर्जाको काम गर्दै आएको छ । त्यसैले यस राधाकृष्ण मन्दिर शान्ति आश्रमलाई वातवरण संरक्षण सम्बर्द्धनको रक्षक भन्नमा त्यति अत्युक्ति नहोला ।[ङघ]

संस्था स्थापना भई सञ्चालन हुने क्रममा स्थानीय जनमानसमा यो विशुद्ध धार्मिक संस्था प्रति निकै गहिरो आस्था एवं विश्वास रहेको छ । तर यो संस्थाको स्थापना भएपछि क्रमिक रुपमा धर्मप्रति त्यस्ता मानिसहरूको ध्यान जान थाल्यो । नास्तिकहरूलाई विस्तारै बिस्तारै धार्मिकतामा ढाल्न सफल यो संस्थाप्रति यस क्षेत्रका मानिसहरूको आगाध माया,

---

१ मन्दिरको वर्तमान सल्लाकार सदस्य श्री विष्णु पोखेलसँग मिति २०६६।९।३० को अर्न्तवार्ताबाट प्राप्त जानकारी ।

ममता रहेको पाइन्छ । वैष्णव धर्म जस्तो कट्टर धर्म मान्न भक्तजनहरूलाई  तत्पर गराइएको पाइयो । यस मन्दिरको स्थानीय वासिन्दा लगायत निकै टाढा तथा छिमेकी राष्ट्र भारतमा रहने श्रद्धालु भक्तजनहरूमा समेत निकै राम्रो प्रभाव पर्न गएको छ । सामाजिक संस्था अर्न्तगत कै अभिन्न अंगका रुपमा नभएपनि आंशिक रुपमा भएपनि सेवा पुऱ्याउँदै आएको छ । जसले गर्दा श्रद्धालु भक्तजनहरूको आस्था एवं विश्वास मन्दिरप्रति निकै प्रगाढ रहेको छ । चाडपर्व, उत्सव यज्ञानुष्ठान तथा अन्य धार्मिक कार्यक्रममा मन, वचन र कर्मले संस्थाको आसपासका महानुभाव तथा अन्य मानिसहरूको सहयोगात्मक भावना प्रष्फुटित भएको छ । संस्थाप्रतिको आस्था र विश्वासले गर्दा संस्था यो अवस्थामा आउन सफल भएको छ ।[ङ्ढ]

## ४.१   श्री राधाकृष्ण मन्दिर शान्ति आश्रमको धार्मिक प्रभाव

मानवीय सुसंस्कृति, सुसंस्कार, अनुशासन, मानवोचित व्यवहार विश्ववन्धुत्वको भावना, अहिंसा, शान्ति, चरित्रवान, कर्तव्य परायण कर्मयोगी, जीवनका लागि धार्मिक चेतना नै धार्मिक संस्थाका विशिष्ट पक्ष हुन् । अधर्मले मानवीय व्यवहारमा नकारात्मक प्रभाव सृजना गर्दछ । यो संस्थाले धार्मिक भावनाको अभिवृद्धिमा विशिष्ट भूमिका खेल्दै आएको कुरामा दुईमत हुन सक्दैन । धर्मको व्यवस्थापनमा  यो ब्रह्माण्ड सञ्चालित छ । धार्मिक कृत्यहरू सञ्चालन गर्ने साधनहरू भनेका अतिथि सेवा, गौसेवा, समाजसेवा, यज्ञानुष्ठान, नित्य/नैमित्यिक भागवत पूजा आदि नै हुन् । अन्नपूर्ण र माछापुच्छ्रे हिमालको प्रत्यक्ष अवलोकन शुक्लागण्डकीको पवित्रता, सुरमुनिको पवित्रता, सुरमुनिको तपस्थली, साधु सज्जन, सन्त, महन्त, विद्वानहरूको आगमनबाट यो संस्था अछुतो रहन सकेको छैन । निम्वार्क सम्प्रदायमा आधारित संस्था भएकोले विभिन्न चाडपर्वहरूमा वैष्णव धर्मप्रति आस्था एवं विश्वास राख्नेहरू यो मन्दिरमा दर्शनार्थ आउने गर्दछन् । यस बाहेक अन्य भक्तजनहरूको पनि विभिन्न चाडपर्व तथा उत्सवहरूमा यस मन्दिरमा निकै भिड लाग्ने गर्दछ । नितान्त निम्वार्क सम्प्रदायप्रति आस्था एवं विश्वास राख्नेहरूले भगवान श्री कृष्णलाई इष्टदेवताको पूजाअर्चना गर्नु यो संस्थाको मुख्य उद्देश्य रहेको छ । तथापि सबै देवीदेवताको पूजाअर्चनालाई पनि महत्व दिदै आएको छ ।[ङछ]

२. मन्दिरका वर्तमान प्रबन्ध मूल समितिका सदस्य श्री माधवप्रसाद खनालसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।
३. मन्दिरका वर्तमान पुजारीसँग लिइएको अन्तर्वार्ता ।

यस संस्थाको हिन्दू सनातन वैदिक धर्म र संस्कृतिसँग सम्वन्धित विभिन्न चाडपर्व, उत्सव संस्थाको वार्षिक उत्सव संस्थापक महाराजद्वयको जन्म र स्मृति महोत्सव, ऋषितर्पणी, ऋषिपञ्चमी, कृष्णजन्माष्टमी, दशैं तिहार, (अन्नुकूट महोत्सव) संस्थाको वार्षिकोत्सव, रामनवमी धान्यपूर्णिमा, रामसीता विवाहपञ्चमी, हनुमानजयन्ती, स्वस्थानीपूर्णिमा, महाशिवरात्री, एकादशी आदिमा विशेष कार्यक्रम गरी उत्सव मनाउने परम्परा रहेको छ । यसबाट सम्पूर्ण वैदिक हिन्दु सनातन धर्मालम्वीहरूमा सकारात्मक र सहयोगात्मक प्रभाव पारेको पाईन्छ । विशेष गरी यस क्षेत्रमा विभिन्न जातजाति, धर्म संस्कृतिका व्यक्तिहरूको बसोबास भएपनि यसबाट यो संस्थालाई कुनै अवरोध र हानीनोक्सानी भएको पाइदैन । संस्थाप्रति पर्न आएका अप्ठ्यारा परिस्थितिलाई मन, बचत, कर्मले सहयोग गरी समाधान गरेको पाइन्छ ।[डट]

## ४.२ निष्कर्ष तथा सुझावहरू

"श्री राधाकृष्ण मन्दिर शान्ति आश्रम" नेपालको पश्चिमाञ्चल विकास क्षेत्र, गण्डकी अञ्चल, कास्की जिल्ला अन्नपूर्ण र माछापुच्छ्रे हिमालको काख, लेखनाथ नगरपालिकाको दक्षिणी क्षेत्र, शुक्लागण्डकीले बनाएका तहराहरूमा पर्दछन् । पोखरादेखि पूर्व काठमाण्डौ जोड्ने पृथ्वीराजमार्गको समिपमा पर्ने यो संस्था नेपालको दोस्रो ठूलो शहर तथा पर्यटकीय नगरी पोखराबाट १६ कि.मी पूर्वको दूरीमा रहेको छ । यसै संस्थाको पूर्वपट्टि सानो पहाडको चुचुरो प्रसिद्ध कालिकाको मन्दिर रहेको छ । जसले गर्दा यस संस्थाको महत्व अझ बढ्ने देखिन्छ । तनहुँ र कास्कीको सीमानामा पर्ने कोत्रे खोला पनि यो संस्थादेखि ३ कि.मी टाढा रहेको छ । खुदीखोला, लामेआहाल, छुचि, तल्लो गगनगौडा, मजुवा, सेरावेसी मालमुल, जनचौतारा, खुदी, माथिल्लो गगनगौडा आदि यस संस्थाको नजिक पर्ने मानवबस्तिहरू हुन् । यिनै क्षेत्रहरूबाट धार्मिक पर्व,उत्सव, चाडपर्व आदिमा यो मन्दिरमा दर्शनार्थ भक्तजनहरू आउने गर्दछन् । यो संस्थाको वरिपरि विशेषतः ब्राह्मण, क्षेत्री, गुरुङ्ग, मगर, विश्वकर्मा, परियार, गन्धर्व, मिजार आदिको वाहुल्यता रहेको छ । यस संस्थाको स्थापनाकालमा यस क्षेत्रमा मानवबस्ती कम भएता पनि बसाइसराईको आर्कषणले जनसंख्याको वृद्धिदर अत्याधिक हुँदैगई जनआवादी बाक्लो रहेको छ । आचार्य श्री महाराजजीको इच्छा अनुसार धार्मिक तथा ज्ञानविज्ञानसँग सम्बन्धित पुस्तकालय,

४. मन्दिरका वर्तमान सचिव श्री रामचन्द्र सिग्देलसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

विद्यालयको स्थापना, महाराजद्वयको मूर्ति निमार्ण, बाहिरी कम्पाउण्डलाई पूर्णता, सत्सङ्ग भवन, दैनिक भजन कीर्तन, अतिथि सेवा, वृद्धाश्रमको निर्माण, धार्मिक, साँस्कृतिक नित्य/नैमित्यिक कार्यक्रम, वृक्षारोपण, फलफूलोद्यान, शुक्लागण्डकीमा जाने पक्की बाटो, धार्मिक, र सामाजिक क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिहरूको सम्मान, पुरस्कारको व्यावस्था, सनातन धर्म र सँस्कृतिको संरक्षण र संवर्द्धन गर्ने उद्देश्य संस्थाले लिएको छ । पर्यटकीय दृष्टिले समेत यो क्षेत्र निकै महत्वपूर्ण देखिन्छ । हिमालबाट बहने चिसो हावा र शुक्लागण्डकीबाट बहने पवित्र हावाले गर्दा यस ठाँउको हावापानीमा अनुकुल प्रभाव पारेको छ । यस अध्ययनबाट पछिका पिंढीलाई इतिहास लेखन कार्यमा टेवा मिलोस् र श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको वारेमा अझ गहन र भरपर्दो प्रमाणित श्रोतको आधारमा अध्ययन गर्न थप योगदान पुगोस् भन्ने आशा एवं विश्वास मैले लिएको छु ।

## ४.३ सुझावहरू

मुलुकभरी छरिएर रहेका असंख्य मठमन्दिर, पाटीपौवा चौतारा, धार्मिक तथा साँस्कृतिक सम्पदाहरू देशका अमूल्य निधि हुन् । यिनीहरूको सञ्चालन, संरक्षण र सर्म्वद्धन गर्नु हामी सबैको कर्तव्य हुन्छ । यिनै साँस्कृतिक क्षेत्रहरूको धरोहराको रुपमा रहेका धार्मिक सम्पदाहरूको समुचित प्रयोग र संरक्षणद्वारा नै देशको उत्थान हुन सक्छ । तसर्थ यस शोध कार्यबाट प्राप्त निष्कर्षका आधारमा निम्न अनुसार सुझावहरू प्रस्तुत गरिएका छन् ।

- राधाकृष्ण मन्दिर, शान्ति आश्रमको नित्य/नैमित्यिक पूजा लगायत अन्य आवश्यक व्यवस्थापनका लागि पूजा व्यवस्थापन समिति गठन गरी त्यसलाई क्रियाशील बनाइनु पर्ने ।
- धार्मिक तथा साँस्कृतिक महत्वका सम्पदाहरूको वैज्ञानिक ढंगले अभिलेख राख्नुपर्ने ।
- गुठी सम्बन्धमा धेरै मानिसहरू अनभिज्ञ देखिएकोले गुठीको वास्तविक यथार्थलाई अत्यन्तै सरल ढंगले प्रचारप्रसार गरिनु पर्ने ।
- राधाकृष्ण मन्दिरको विस्तृत अध्ययन गरी ऐतिहासिक दस्तावेज तयार पारिनु पर्ने ।
- मन्दिरको उचित संहार र सुधार गरिनु पर्ने ।
- मन्दिरमा विशेष चाडपर्वमा भएका भेलाहरूको बारेमा मासिक पत्रिका निकाल्नुपर्ने ।

- राधाकृष्ण मन्दिरलाई धार्मिक क्षेत्र, ऐतिहासिक स्थल र धार्मिक पर्यटकीय केन्द्रका रुपमा घोषणा गरी आवश्यक प्रवन्ध मिलाउने लेखनाथ नगरपालिकाले सहयोगी संस्था तथ सम्बद्ध निकायसँग सद्भाव, समन्वय, र भाइचाराको भावना अनुकूल भूमिका निर्वाह गर्नुपर्ने ।
- हाम्रा संस्कार र संस्कृतिको संरक्षण एवं प्रचारप्रसारका खातिर विशेष पर्व र पूजाका अवसरमा अधिकतम जनसहभागिता गराई त्यसैको माध्यमबाट धार्मिक तथा ऐतिहासिक सम्पदाप्रति जनचासो र आध्यात्मिक चिन्तनमा अभिवृद्धि गरिनुपर्ने ।
- राधाकृष्ण मन्दिरको आर्थिक अवस्था कमजोरी भएको हुदाँ आर्थिक दृष्टिकोण सम्पन्न गराउनु पर्ने ।

## सन्दर्भ सामाग्री ९द्यष्दष्यिनचबउजथ०

क) मौलिक तथा प्राथमिक श्रोत ९इचष्नष्लर्बा बलम उचषबचथ कयगचअभक०

अ) गुठीका कागजपत्रहरू

आ) श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको विधान २०४९ को पहिलो संशोधन २०५९ सहित ।

इ) श्री राधाकृष्ण मन्दिर, शान्ति आश्रमको आर्थिक बर्ष २०६४।०६५ को वार्षिक प्रगति प्रतिवेदन ।

**अर्न्तवार्ता**

१ श्री राधाकृष्ण मन्दिरका वर्तमान सचिव, श्री रामचन्द्र सिग्देल

२ श्री राधाकृष्ण मन्दिरका वर्तमान नि.व अध्यक्ष, श्री मुकुन्दशरण उपाध्याय

३ श्री राधाकृष्ण मन्दिरका वर्तमान अध्यक्ष, श्री मातृका प्रसाद सिग्देल

४ श्री राधाकृष्ण मन्दिरका सदस्य, श्री भक्तबहादुर वस्नेत

५ श्री राधाकृष्ण मन्दिरका भू.पु अध्यक्ष, श्री शंकरबहादुर के.सी

६ श्री राधाकृष्ण मन्दिरका संरक्षक, श्री कृष्णप्रसाद अधिकारी

७ श्री राधाकृष्ण मन्दिरका उपाध्यक्ष, श्री नन्दप्रसाद अधिकारी

८ श्री राधाकृष्ण मन्दिरका सदस्य, श्री माधवप्रसाद खनाल

९ श्री राधाकृष्ण मन्दिरका उपाध्यक्ष, श्री लेखनाथ घिमिरे

१० श्री राधाकृष्ण मन्दिरका नि.व. संरक्षक तथा महन्त श्री सखीशरण भण्डारी

११ श्री राधाकृष्ण मन्दिरका सल्लाहकार श्री विष्णुप्रसाद पोखेल

१२ श्री राधाकृष्ण मन्दिरका सल्लाहकार श्री खिमबहादुर खत्री

१३ श्री राधाकृष्ण मन्दिरका महन्त श्री लक्ष्मीशरण उपाध्याय

१४ श्री राधाकृष्ण मन्दिरका कोषाध्यक्ष श्री घनश्याम खनाल

१५ श्री राधाकृष्ण मन्दिरका श्री सदस्य श्रीमती भक्ति अधिकारी

१६ श्री राधाकृष्ण मन्दिरका सल्लाहकार श्री चक्रपाणी पौडेल

१७ श्री राधाकृष्ण मन्दिरका सदस्य श्री गोपालदासी ढकाल

१८ श्री राधाकृष्ण मन्दिरका भू.पु सदस्य श्री हरिश्चन्द्र अधिकारी

१९ श्री राधाकृष्ण मन्दिरका शुभचिन्तक/समाजसेवी श्रीप्रसाद पन्थी

२० श्री राधाकृष्ण मन्दिरका भू.पु सदस्य श्री केशवराज पौडेल

ख) सहायक श्रोत ९क्भअयलमबचथ कयगचअभक०


१. अर्याल, दिपक, ***नेपाल डिष्ट्रिक्ट प्रोफाइल,*** काठमाण्डौः आर एन.ए १९८१ ।

२. कास्की जिल्लाको वस्तुगत विवरण वि.सं. २०५२ ।

३. के.सी, कृष्ण, ***पोखरा उपत्यकामा विद्यमान श्रोत तथा साधनहरूको परिचालनमा देखापरेका समस्याहरू र तिनको प्रभाव*** कार्यपत्र-मिति नखुलेको ।

४. खनाल, मुक्तिराम, ***नेपाल महात्म्य,*** काठमाण्डौः २०२८ ।

५. जिल्ला विकास योजना आ.व २०५६/५८ ।

६. डिष्ट्रिक डेभलपमेन्ट, ***प्रोफाइल अफ नेपाल,*** कास्की इनफरमल सेक्टर २००५ ई ।

७. वसिल सी., ***हार्डरिक एन कल्चरल डिस्नेरी अफ, नेपाल*** । मेङचन र स्कारको प्रेसः आइ.एन.सी १९७२ ई ।

८. मार्कण्डय पुराण, ***नेपाल महात्म्य*** "श्रृणुसावा हितोमुद्रा पिठानामा परम क्षेत्राण क्षेत्रपुतमम" ॥६॥

९. ***मेचीमहाकाली, भाग ३,*** काठमाण्डौः श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालय- २०३१ ।

१०. राणा, निर्मलशम्सेर, ***गुठी प्रति आर्थिक, सामाजिक, धार्मिक, पुरातात्विक तथा ऐतिहासिक सर्वेक्षण प्रतिवेदन*** काठमाण्डौः गुठी संस्थान केन्द्रिय कार्यालय रामशाहपथ ।

११. सुवेदी, राजाराम, ***कास्की राज्यको इतिहास*** काठमाण्डौः रत्नपुस्तक भण्डार २०६० ।

१२. योगी, नरहरिनाथ, ***आध्यात्मिक नेपाल एवं देवदेशो/हिमालयन*** नेपालः २०३८ ।

१३. क्षेत्री, दिलबहादुर, ***सिद्ध शक्तिपीठ, श्री विन्ध्वासिनी तथा पोखरा केही मठमन्दिरको परिचय*** पोखराः विन्ध्यवासीनी क्षेत्र विकास समिति-२०५७ ।



हनुमानका मन्दिर



दुर्गा, स्वस्थानी र सरस्वतीको मन्दिर



यज्ञशाला



शिव मन्दिर